म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५० आइतबार ९ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 21 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।**

☞ गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्रुन संक्रामक रोगहरु फैलिन सक्दछन्,
☞ संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
☞ संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
☞ बासी तथा सडेगलेका खाना नखाऔं,
☞ घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमतीको ८० प्रतिशत माटोमा अम्लियपना, किसानसम्म पुगेन सरकार

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/ बागमती प्रदेशको ८० प्रतिशत खेतीयोग्य माटोमा विगत चार वर्षदेखि ८० प्रतिशत अम्लियपना देखिएको छ ।

माटो तथा मल परीक्षण प्रयोगशाला, बागमती प्रदेशले २०७६ देखि गरेको माटो परीक्षणको तथ्यांकले अम्लियपना नियन्त्रणमा आउन नसकेको देखाएको छ । बागमती प्रदेशको २० लाख ३० हजार हेक्टर क्षेत्रफलमध्ये ३ लाख २८ हजार २ सय ९७ हेक्टर अर्थात् १६ दशमलब १७ प्रतिशत भूभाग जमिन खेतीयोग्य छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअनुसार जसमा २ लाख ८९ हजार ६ सय ६२ हेक्टर जग्गामा खेती गरिएको छ । यहाँको उर्वरा जमिनमा अम्लियपना हरेक वर्ष ८० प्रतिशतको दरमा देखिएको प्रयोगशालाले जनाएको हो ।

अम्लियपनाका कारण कृषिउत्पादनमा निरन्तर ह्रास आइरहेको कृषि विज्ञहरु बताउँछन् । २०७६ देखि चैत तेस्रो सातासम्म १५ हजार ५ सय ८८ वटा माटोको नमूना परीक्षण गर्दा ८० प्रतिशत माटोमा अम्लियपना देखिएको प्रयोगशाला प्रमुख वरिष्ठ माटोविज्ञ डा. जनार्दन खड्काले जानकारी दिए । प्रयोगशालाले ०७६/०७९ सम्म १० हजार ६ सय ४१ वटा माटोको नमूना परीक्षण गरेकोमा ८३ प्रतिशत माटोमा अम्लियपना देखिएको उनले बताए ।

चालू आर्थिक वर्ष २०८०/८१ को चैत तेस्रो सातासम्म ४ हजार ९ सय ४७ वटा माटोको नमूना परीक्षण हुँदा ८७ प्रतिशत अम्लियपना देखिएको तथ्यांक छ । एकपटक माटो परीक्षण गरेपछि ५ वर्षसम्म पुन: परीक्षण नगरिने डा. खड्का बताउँछन् । 'अम्लियको परीक्षण एकपटक नियन्त्रणका उपाय गरिसकेपछि कम्तिमा पनि ५ वर्ष गर्नुपर्दैन । नयाँनयाँ माटोको परीक्षण गर्दा अम्लिय एउटै दरमा देखिएको छ,' उनले भने ।

माटोमा बढी अम्लियपना काठमाडौं उपत्यकासहित काभ्रे, मकवानपुरको उत्तरीक्षेत्र, चितवन, नुवाकोट र धादिङमा देखापरेको प्रयोगशालाले जनाएको छ । तरकारी उत्पादन बढी हुने क्षेत्रमा विषादिको प्रयोग अधिक, काठमाडौंको ढल बगेर पुग्ने जग्गा भएकाले, वर्षातको पानी बगेर जम्मा हुने गहिरो भूमागमा बढी अम्लियपना देखिएको डा. खड्काले उल्लेख गरे । माटोमा खाद्यतत्व हुँदापनि अम्लीपयनाले विरुवा डढ्ने, उम्रिने बित्तिक्कै मर्ने/सुक्ने समस्या देखिने उनले बताए ।

रसायनिक मल र विषादिको बढ्दो प्रयोग, वर्षातको पानी बगेर सीधै खेतीयोग्य जग्गामा घुल्नुले अम्लियपना बढाएको कृषि विकास निर्देशनालय बागमती प्रदेशका निर्देशक सुधीर श्रेष्ठले जनाए । वर्षातको पानी भेल बनेर आउँदा त्यसलाई सीधै खेतीयोग्य जग्गामा जानबाट रोक्नुपर्ने उनले सुनाए । 'रसायिनक मललाई घटाएर जैविक मलको प्रयोग बढाउने, वर्षात्को पानी रोक्ने र कृषिचुनको प्रयोगले यसलाई नियन्त्रणमा ल्याउन सकिन्छ,' श्रेष्ठले भने । अम्लियपना बढ्नु र प्राङ्गारिक पदार्थको मात्रा घट्नुले उत्पादकत्वमा ह्रास भएको श्रेष्ठ बताउँछन् ।

यस्तै, २०७६ देखि ०७९ सम्मको नमूना परीक्षणबाट माटोमा ४७ प्रतिशत मात्रै प्राङ्गारिक पदार्थ पाइएको छ । चालू आवको परीक्षणमा ५३ प्रतिशत कमी देखिएको डा. खड्काले जानकारी दिए । उत्पादनको क्षमता बढाउने प्राङ्गारिक पदार्थ माटोमा कमी हुनु दोस्रो ठूलो समस्याको रुपमा देखापरेको उनको भनाई छ । गाईवस्तुको मलमा कमि आउनु, झार माटोमै कुहाउन छोड्नु, भाडामा जग्गा लिनेहरुले गाईवस्तुको मल नहाल्नुले माटोमा प्राङ्गारिक पदार्थको कमी देखिएको प्रयोगशाला प्रमुख डा. खड्का बताउँछन् ।

माटोमा पाइने नाईट्रोजन, पोटास र फस्पोरसको मात्रा भने स्थिर देखिएको छ । खाद्यतत्व फस्फोरस र पोटासको मात्रा ३० प्रतिशत कमी देखिएको भन्दै खड्काले समस्या नभएको बताए । प्रयोगशालाले प्रदेशका विभिन्न जिल्लामा घुम्ती शिविर गरी माटो परीक्षण गर्दै आएको छ । दुईवटा बसलाई मोबाइल भ्यान बनाएर खेतखेतमै पुगेर परीक्षण गर्ने गरिएको कार्यालयकी माटोविज्ञ लक्ष्मी दाहालले बताइन् । बसमै परीक्षण मेसिन र राखिएको उनले बताइन् । कार्यालयले प्रतिनमूना परीक्षणबाट ७२ रुपैयाँ ५० पैसा राजश्व लिने गरेको छ ।

**सुस्त सरकारी संयन्त्र, अनभिज्ञ किसान**

माटोको अम्लियपना नियन्त्रणसँगै उत्पादन बढाउने उपायबारे कृषि पेशाबाट आत्मनिर्भर साना किसानहरु अनविज्ञ रहेको पाइएको छ । संघ मात्र नभई स्थानीय सरकार पनि सानाकिसानमा पुग्न नसकेको पाइएको हो ।

हेटौंडा उपमहानगर पालिका-१, मा मकै गोड्दै गरेकी पार्वती मरहठ्ठाले आफूलाई माटोमा हुने अम्लियपनाको बारेमा थाहा नभएको सुनाइन् । 'मैले सुनेको त छु, अम्लियपना भनेको के हो, कसरी हुन्छ, यसलाई कसरी हटाउने भनेर कसैले भनेको छैन,' उनले भनिन्, 'अम्लियपनाले राम्रो फल्दैन भने त उपचार गरिहाल्छौं नी ।,'

मकवानपुरगढी-५ का सुरेन्द्र र बिनिता हुमागाईं दम्पति पनि अम्लियपना बारे अनविज्ञ छन् । कृषिबाटै आत्मनिर्भर हुमागाईं परिवारलाई हरेक वर्ष विरुवामा देखिने समस्याले पिरोल्ने गरेको छ । 'विरुवाको जरामा गाँठा पर्ने समस्या हुँदा के कारणले होला भन्ने लाग्थ्यो । माटोको बारेमा ज्ञान नै थिएन,' बिनिताले भनिन्, 'माटो राम्रो बनाउन जैविक मल हाल्नुपर्छ भनेर चाहीँ सुनेको हो । वडातिर पनि केही भन्दैनन्,' ।

मकवानपुरगढी गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी सानाकिसानसम्म पुग्न नसकेको स्वीकार्छन । 'व्यावसायिक किसानहरु चाहीँ आउनुहुन्छ, हामीले पनि उनीहरुलाई कृषिचुन दिने गरेका छौं । सानाकिसान त माटो परीक्षणमा पनि आउँदैनन् त्यहाँ पुग्न पनि नसकेको हो,' चौधरीले भने । मकवानपुर गढीमा पशुपालनमा आधारित कृषि पेशा गर्ने गरेकाले माटोमा अम्लियपना धेरै नदेखिएको उनको भनाई छ ।

## रंगशाला निर्माणका लागि सप्ताहमा डेढ करोड उठ्यो

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/पूर्वी मकवानपुरको बकैयामा नगद र जिन्सी सहित रंगशाला निर्माणका लागि डेढ करोड रुपैयाँ संकलन भएको छ । जुरेली रंगशाला निर्माण लागि बकैया-४, मा लगाइएको श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा सहयोगी दाता र भक्तजनबाट एक करोड ६७ लाख ३९ हजार ३३० रुपैयाँ संकलन भएको हो ।

समापन समारोहलाई सम्बोधन गर्दै बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी छिन्तुले सामाजिक कार्यका लागि महायज्ञ लगाइएकोमा प्रशंसा गर्दै समाजमा विकास र रुपान्तरणका लागि सबै एकजुट हुन आवश्यक रहेको बताए । उनले बकैया खेलका लागि उर्वरक्षेत्र भएकाले जुरेली रंगशालाले पूर्णता पाए यहाँको अझैं विकास हुनेमा विश्वास व्यक्त गर्दै रंगशालाका लागि आवश्यक बजेट विनियोजन र आवश्यक सहयोगमा सधैं अग्रभागमा रहेर सहयोग गर्न तयार रहेको स्पष्ट पारे ।

करिव तीन बिगाहा क्षेत्रफलमा रहेको यस क्षेत्रमा कबडहल, बास्केटबल, टेबल टेनिस, भलिवल, फुटबलमैदान लगायत खेल खेलाउने गरी रंगशाला निर्माण गर्न लागिएको समितिका अध्यक्ष विमल नेपालले जानकारी दिए । बकैया गाउँपालिका भित्रको खेलमैदानमध्येको जुरेली खेलमैदान उत्कृष्ट भएकाले रंगशालाका रुपमा विकास गर्नका लागि जुरेली खेलमैदानका लागि स्थानीयसँग १५ कठ्ठा क्षेत्रफल जग्गा खरिद गरेकाले त्यसको भुक्तानी गर्न महायज्ञ लगाइएको थियो । 'बजेट सुनिश्चितताका लागि हामीले महायज्ञ लगाएका हौं, सबैले सहयोग गर्नुभयो, सबैलाई धन्यवाद छ, अब अन्य काम धमाधम गर्नेछौं,'-उनले भने ।

३० चैतमा उद्घाटन गरिएको महायज्ञ वैशाख ७ गते शुक्रवार राति समापन गरिएको थियो । महायज्ञमा प्रखर पण्डित कपिलदेव भट्टले कथावाचन गरेका थिए भने दैनिक सयौँको संख्यामा भक्तजन कथाश्रवण र रंगशाला निर्माणका लागि जिल्ला समन्वय समिति, गाउँपालिका, वडातह र व्यक्तिगत रुपमा सहयोग प्राप्त भएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## बज्रवाराहीमा ५ वटा वडालाई तरकारीखेती तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/थाहा नगरपालिकाको बज्रवाराहीमा व्यावसायिक तरकारीखेतीसम्बन्धी तालिम सुरु भएको छ । थाहा नगर पालिका-६ मा रहेको टिस्टुङ रिसोर्टमा भएको तालिम ३ दिनसम्म सञ्चालन हुने थाहा नगरपालिका कृषि विकास शाखाकी ज्ञानु भट्टराईले जानकारी दिइन् ।

आर्थिक वर्ष २०८०/८१ वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यावसायिक रुपमा तरकारीखेती गरिरहेका किसानको लागि थाहा नगरपालिका कृषि विकास शाखाले तालिमको आयोजना गरेको हो । कृषकलाई व्यावसायिक बनाइ कृषि उत्पादनमा वृद्धि गराउने उद्देश्यले तालिममा पालिकाको १, ५, ६, ९ र १० नम्बर वडाको अगुवा कृषकको सहभागीता रहेको भट्टराईले जानकारी दिइन् । तालिममा सहभागीलाई तालिममा व्यावसायिक तरकारीखेती गर्ने तरिका, रोग नियन्त्रणको उपाय लगायत विषयमा प्रशिक्षक माधव भट्टले सहजीकरण गरिरहेका छन् ।

## मनहरीमा बाउले कुटे छोरा

साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-६ प्रतापपुरमा मादक पदार्थ सेवन (मापसे) गरेर बाउले आफ्नै छोरामाथि निर्घात कुटपिट गरेका छन् ।

प्रतापपुर बस्ने ३९ वर्षीय नग्रेन्द्र राइले मापसे गरी घरायसी विषयमा विवाद हुँदा आफ्नै छोरा १८ वर्षीय प्रेमराज राईलाई लठ्ठिले प्रहार गरी घाइते बनाएका हुन् । नगेन्द्रले लठ्ठिले प्रहार गर्दा प्रेमराजको टाउकोमा चोट लागेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

घाइतेको स्थानीय मेडिक्लमा सामान्य उपचारपश्चात् थप उपचारका लागि सरकारी अस्पताल भरतपुर चितवन पठाएको प्रहरीले जनाएकोछ । कुटपिटमा संलग्न नगेन्द्रलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....



Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## हाम्रो कुरा

# सहकारीविरुद्धका उजुरी

अधिकतम ब्याज पाइने आशामा सहकारीमा रकम जम्मा गर्ने बचतकर्ताको बिल्लिबाँठ भएको छ ।सहरकारीको सिद्धान्त भन्दा बाहिर गएर सहकारी संचालकले सहकारीको बचत दुरुपयोग गरेपछि हजारौं बचतकर्ताको रुवाबासी भएको हो । विगतमा सहकारी दर्ता र अनुगमनको मात्रै काम गर्दै आएको बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गत्को सहकारी महाशाखालाई उजुरीकर्ताको गुनासो सुनेर समस्या समाधान गर्न हम्मेहम्मे परिरहेको छ । १९ फागुन २०७६ देखि उजुरी पर्न सुरु भएको महाशाखामा ६ वैशाख २०८१ बिहीवारसम्म २६६ वटा सहकारीविरुद्ध हजारौं उजुरी परिसकेको छ । महिनामा एक सयको हाराहारीमा उजुरी परेको अवस्था देखिन्छ । यतिसम्मकी महाशाखाले उजुरीको संख्या निर्क्यौल गर्न सकिरहेको छैन । उजुरीको संख्या छुट्याउन सक्केको छैन । २६६ वटा सहकारीमा हजारौं उजुरी परेको छ । एउटै सहकारी विरुद्ध सयौं जनाले उजुरी दिएका छन् । महाशाखाको क्षमताले मात्रै उजुरीकर्ताको विस्तृत विवरण निकाल्न सम्भवन नै छैन । ३ हजार बढी सहकारी दर्ता रहेको माहाशाखामा काम गर्ने कर्मचारी भने ५ जना मात्रै छन् । प्रतिकर्मचारी ६ सयको दरले सहकारी हेर्नुपर्ने समस्या कर्मचारीले मन्त्रालयसमक्ष राखेका छन् । महाशाखामा हालै मात्र २१ जनाको दरबन्दी स्वीकृत भएको छ ।

महाशाखाका अनुसार बचतकर्ता, ऋणी र सञ्चालकको फरक–फरक प्रकृतिको उजुरी छ । सञ्चालक समितिको अध्यक्ष भागेको, बचतरकम फिर्ता नगरेको, महँगो ब्याज लगाएको, सञ्चालक र अन्यले ऋण नै नतिरेको, सञ्चालकबीचको लफडा, सञ्चालक समितिको अधिकारमा हस्तक्षेपलगायतका उजुरी परेको छ । बागमती प्रदेशमा बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, दुग्ध र अन्य गरी ३ हजार २ सय ४८ वटा सहकारी सञ्चालनमा छन् । सबैभन्दा धेरै बचत तथा ऋण १ हजार ५४२, बहुउद्देश्यीय १ हजार १८५, कृषि २५४, दुग्ध ४८ र अन्य प्रकृतिका सहकारी २१९ रहेको छ । सबैभन्दा धेरै सहकारी काठमाडौंमा १ हजार ७०३, ललितपुरमा ४७८, भक्तपुरमा १७०, काभ्रेमा १७८, नुवाकोटमा १४०, धादिङमा १२०, चितवनमा १२७, मकवानपुरमा ७४, दोलखामा ८६, रसुवामा ३७, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोकमा क्रमश: ७१, २५ र २६ वटा छन् । उजुरी काठमाडौंमा रहेका धेरै सहकारीविरुद्ध परेको छ । काठमाडौंपछि ललितपुर र चितवनका सहकारीविरुद्ध उजुरी परेको महाशाखाले जानकारी दिएको छ । महाशाखाले धेरै उजुरी आएमा, अनुगमनबाट सहकारी भागेको, सञ्चालक सम्पर्कमा नआएमा र बचत रकम हिनामिना भएको देखिएमा प्रहरीलाई थप अनुसन्धान र कारबाहीका लागि पत्राचार गर्ने गरेको छ । महाशाखाले केन्द्रीय अनुसन्धान ब्यूरोमा १० वटा सहकारी र काठमाडौं तथा ललितपुरको जिल्ला प्रहरी परिसरमा ३४ वटा गरी ४४ वटा सहकारीमाथि अनुसन्धान र कारबाहीका लागि लेखी पठाएको छ । बागमती प्रदेशमा हालसम्म एउटा सहकारीलाई मात्र समस्याग्रस्त घोषणा गरिएको छ । प्रदेशमातहत रहेको सिभिल सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेड काठमाडौंलाई भदौ २०७९ मै समस्याग्रस्त सहकारी घोषणा गरिएको थियो ।

बागमतीमा थप १० वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणाको तयारी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले गरेको छ । बागमती प्रदेश सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले काम अगाडि बढाउने तयारी गरेको छ । जसको लागि काठमाडौंमै कार्यालय खोल्ने तयारीमा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय जुटेको छ । महाशाखाका अनुसार समस्याग्रस्त सहकारी काठमाडौंमा धेरै रहेकाले समितिको कार्यालय पनि काठमाडौंमै खोलिने भएको हो । गत २२ पुसमा बसेको मन्त्रिपरिषद बैठकले प्रदेश सहकारी ऐन २०७६ को दफा ८२ को १ बमोजिम समिति गठन गरी ३ जना सदस्य नियुक्त गरेको थियो । समितिमा बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका पूर्वसचिव यज्ञनाथ दाहाल, काठमाडौंका प्रशान्त अधिकारी र मकवानपुरका यतिराज सापकोटा छन् । समितिको संयोजक अधिकारी हुन् । ८ फागुनमा बसेको मन्त्रिपरिषद बैठकले समितिको कार्यालयका लागि आवश्यक विभिन्न तहका १४ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरिसकेको छ । तर, हालसम्म कार्यालय नै स्थापना नभएकाले समितिले काम सुरु गर्न पाएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १० गते सोमबार २२ अप्रिल २०२४ । चतुर्दशी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:३२ । पासाङ ल्हामु स्मृति दिवस । अन्तर्राष्ट्रिय पृथ्वी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : श्रम खेर जानेछ | **तुला** | : काममा सहयोग मिल्नेछ |
| **वृष** | : पढाइमा प्रगति हुनेछ | **वृश्चिक** | : अनावश्यक खर्च हुनेछ |
| **मिथुन** | : उत्साहमा कमी आउनेछ | **धनु** | : चिताएको काम बन्नेछ |
| **कर्कट** | : आफन्तबाट धोका हुनेछ | **मकर** | : नसोचेको फाइदा पाइनेछ |
| **सिंह** | : प्रतिष्ठित काम पाइनेछ | **कुम्भ** | : चुनौतीहरु बढ्नेछन् |
| **कन्या** | : सामाजिक दायित्व बढ्नेछ | **मीन** | : आम्दानी घट्नेछ |

# त्रिविको साख फिर्ता गर्ने अवसर



✍ डा. भीमलाल गौतम

लामो रस्साकस्सीपछि त्रिभुवन विश्वविद्यालयले नयाँ तथा पूर्ण नेतृत्व पाएको छ । नेपालको उच्च शिक्षाको गौरवशाली इतिहास बोकेको त्रिविलाई पहिलो पटक राजनीतिक भागबन्डा भन्दा बाहिर राखेर नियुक्ति प्रक्रियाको थालनी हुनु नै सबैभन्दा सकारात्मक पक्ष हो । यसको लागि वर्तमान कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल, शिक्षामन्त्री सुमना श्रेष्ठ तथा प्रमुख राजनैतिक पार्टीका नेताहरूको पनि स्वीकारोक्ति भएको कुरा तथा मिडिया र आमसमुदायले सार्वजनिक रूपमा गरेको पक्षपोषण एवं साथको प्रशंसा गर्नुपर्ने हुन्छ ।

दशकौंदेखि राजनीतिले थलिएको नेपालको सबैभन्दा ठूलो विश्वविद्यालयमा परिवर्तन अपरिहार्य थियो र राम्रो शुरुआतको थालनी भएको छ । अबको चार वर्ष वर्तमान नेतृत्वले विना अवरोध काम गर्न सक्यो भने विगतमा त्रिविप्रति गिरेको साख फेरि पनि फिर्ता गर्न सकिन्छ र यो विश्वविद्यालयलाई दक्षिण एशियाको नेतृत्व गर्न सक्ने शैक्षिक केन्द्रको रूपमा स्थापित गर्न सकिन्छ । नेपालको प्राज्ञिक जगत, मिडिया र आम नागरिकले आशा गरे जस्तै त्रिविका रिक्त पदहरूमा निर्विवाद र अनुभवी एवं दक्ष प्राध्यापकहरू नियुक्ति हुनसकेमा सकारात्मक संचारको सुरु हुनेथियो ।

सधैं शंका र नकारात्मक कुराहरूले विक्षिप्त नेपाली समाजमा यस किसिमका नियुक्तिले सरकारप्रति आम जनसमुदायको पनि सकारात्मक अवधारणाको विकास हुँदैछ भन्ने कुराको संकेत दिन्छ । यसपटक नेपाली मिडियाले उच्च शिक्षा तथा विश्वविद्यालयलाई निकै महत्व दिएको देखियो । त्रिभुवन विश्वविद्यालय लगायत नेपालका अन्य विश्वविद्यालयहरूमा क्रमश: नेतृत्व खाली हुँदै गर्दा योसँगै नेपालको शैक्षिक एवं वौद्धिक समूहले विशेष चासो लिन थालेको देखिन्छ । यो आलेख वर्तमान त्रिवि नेतृत्वले गर्नै पर्ने केही महत्वपूर्ण कामहरूको बारेमा सम्बन्धित छ ।

### १. राजनीतीकरणबाट मुक्त

त्रिभुवन विश्वविद्यालयको सबैभन्दा जटिल पक्ष भनेको यहाँभित्रको राजनीति र त्यसमा गर्नुपर्ने समन्वय महत्वपूर्ण कुरा हो । नेपालका विभिन्न राजनैतिक आन्दोलनहरूमा त्रिभुवन विश्वविद्यालयको योगदान महत्वपूर्ण थियो । पञ्चायतीकालमा पनि विश्वविद्यालयभित्र प्राध्यापक संघ, कर्मचारी संगठन र स्ववियु मार्फत नेपालको राजनैतिक परिवर्तनमा विभिन्न समयमा भएको योगदानलाई नजरअन्दाज गर्न सकिन्न ।

चाहे २०३६ सालको आन्दोलन होस्, चाहे २०४६ सालको प्रजातन्त्रको आन्दोलन वा २०६२६३ को गणतन्त्र उन्मुख आन्दोलन होस्, सबै मोर्चामा त्रिविका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको योगदान नेपालका राजनैतिक पार्टी र नेताहरूभन्दा कम छैन ।

त्यसैले यसभित्रको राजनैतिक पाटोलाई नजरअन्दाज गरियो भने जतिसुकै सक्षम र इमानदार नेतृत्व आए पनि त्रिविमा सुधार हुन सक्तैन । यसको लागि त्रिविलाई राम्रोसित बुझेको समन्वयकारी नेतृत्व चाहिने हुँदा यो पटक पनि सोही अनुसारको राजनैतिक र प्रशासनिक चेत भएका महानुभावहरू नियुक्त हुनुले आमसमुदायमा ठूलो आशा पलाएको छ । विगतको जस्तो एकात्मकवादी र ध्वंसको राजनीतिको प्रभाव त्रिविमा पर्नुहुँदैन र अब त्रिविमा प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनहरूलाई दलगत राजनीतिक गतिविधिभन्दा पनि विकास, अनुसन्धान र प्राज्ञिक कार्यहरूमा ध्यानाकर्षण गराउन सकियो भने छोटो समयमा पनि धेरै काम गर्न सकिन्छ ।

अबको चार वर्षमा यो नेतृत्वले व्यक्तिगत, गुटगत चिन्तनभन्दा माथि उठेर सक्षम, इमानदार र प्राज्ञिक व्यक्तिहरूलाई नियुक्ति र अवसर दिने तथा उनीहरूको कामको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्न सक्यो भने निकै ठूलो परिवर्तनको आभास हुनेछ ।

### २. त्रिविको पुनर्संरचना

त्रिभुवन विश्वविद्यालयमा खासगरी दुई किसिमले पुनर्संरचना गर्न सकिन्छ । एउटा त्रिविमा हाल विद्यमान विभागीय स्वरूपलाई स्कूल अवधारणा अनुसार मिलाउन सकियो भने मानविकी तथा शिक्षाशास्त्र संकायमा शैक्षिक, प्रशासनिक र प्राज्ञिक क्षेत्रमा राम्रो परिवर्तन गर्न सकिन्छ । संसारभर अन्तर र बहुविधागत अध्ययन र अनुसन्धानले ठूलो फड्को मारेको बेला त्रिविमा अझै पनि सीमित विषय र विधामा दशकौंदेखि खेल भएको देखिन्छ जुन परिवर्तन गर्नु आवश्यक छ ।

यसको लागि अघिल्लो नेतृत्वको सिनेटले निर्णय गरेको कुरा पनि सुन्नमा आएको छ जुन सकारात्मक मान्नुपर्छ । दोस्रो कुरा त्रिवि नेपालको सबै भूभाग र जिल्लाहरूमा फैलिएको हुनाले यसको संरचनागत व्यवस्थापनको आवश्यकता देखिन्छ । देश संघीय संरचनामा गइसकेकोले अब त्रिविलाई पनि संघीय स्वरूपमा व्यवस्थित गर्न सकिएन भने केन्द्रमा जतिसुकै ठूला र राम्रा कामहरू भए पनि स्थानीय रूपमा त्यसले प्रभाव पार्न सक्दैन ।

अमेरिका, अष्ट्रेलिया, फ्रान्स जस्ता विकसित मुलुकहरूमा प्रयोग र प्रमाणित भइसकेको त्रिविलाई गण्डकी, कोशी, कर्णाली, सुदूर–पश्चिम, लुम्बिनी, जनकपुर जस्ता क्षेत्रीय विश्वविद्यालयहरूमा विभाजन गरी हालको कीर्तिपुर परिसरलाई त्रिवि केन्द्रीय विश्वविद्यालयको रूपमा विकास गर्न सकिन्छ । जसले गर्दा हाल त्रिवि शिक्षक–कर्मचारीहरूमा देखिएको जागिर र पहिचानको मनोवैज्ञानिक त्रास पनि हटेर जान्छ भने अर्कोतिर त्रिवि प्रादेशिक विश्वविद्यालयहरू बीचमा गुणस्तरको प्रतिस्पर्धा बढ्न पुग्छ । फ्रान्सको पेरिस विश्वविद्यालय, लियोन विश्वविद्यालय, अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयले सफलतापूर्वक यस किसिमको प्रयोग गरिसकेका छन् ।

### ३. अनुसन्धान र अन्तर्राष्ट्रियकरण

शुरुमा त्रिवि आम जनमानसको सेवा गर्ने गरी जनताको विश्वविद्यालयको रूपमा स्थापित भयो तर अब यसलाई अन्तर्राष्ट्रियकरण गर्नु आवश्यक छ । त्रिविले २१औं शताब्दीमा स्थापित र प्रयोग भएका सबैजसो मान्यताहरूको अनुसरण गर्नुपर्ने देखिन्छ । यसको लागि सबैभन्दा पहिला त्रिविभित्रका अनुसन्धान केन्द्रहरूलाई पुनर्संरचना गरी क्रियाशील बनाउनुपर्ने देखिन्छ ।

संसारका धेरै प्रसिद्ध र स्थापित विश्वविद्यालयहरू विद्यार्थी संख्या भन्दा पनि अनुसन्धान र ज्ञान निर्माणको बाटोमा लागेका छन् । त्यसैले त्रिविले पनि अब अनुसन्धानलाई सबैभन्दा वढी महत्व दिनु जरुरी छ । अनुसन्धानको राम्रो व्यवस्थापन गर्न सकियो भने यहाँ जनशक्तिको अभाव छैन । यसको लागि आवश्यक पर्ने कुरा भनेको त्रिवि नेतृत्वको तत्परता हो । त्रिविभित्रका सक्षम र अनुभवी प्राध्यापकहरू जसले यो क्षेत्रमा रुचि देखाउँछन् उनीहरूसित सहयोग, सल्लाह र समन्वय गरेर नेपाल सरकारको अनुसन्धान गर्ने मुख्य प्रयोगशालाको रूपमा विकास गर्न सकिन्छ ।

जब विश्वविद्यालयमा अनुसन्धानलाई बढी महत्व दिइन्छ स्वत: यसको अन्तर्राष्ट्रिय सम्बन्ध बढ्न जान्छ । त्रिविसित अन्तर्राष्ट्रिय रूपमा अनुसन्धाता, विज्ञ र विद्यार्थीहरू जोडिन पुग्छन् जसले गर्दा विविध सहयोगी संस्था र निकायहरू पनि थपिन्छन् । त्रिविमा रहेको अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र र सोसँग सम्बन्धित विभाग मार्फत नेपाली अनुसन्धानलाई सभा, सम्मेलन र गोष्ठीहरूको आयोजना गरी विदेशी विश्वविद्यालय एवं संस्थाहरूसित सम्बन्ध बढाउन सकिन्छ ।

यसले एकातिर त्रिविको जनशक्ति अन्तर्राष्ट्रिय रूपमा स्थापित हुन्छ भने अर्कोतिर ज्ञान निर्माणमा ठूलो योगदान पुग्छ । विगतमा वर्तमान शिक्षाध्यक्ष खड्क केसीले आफू कूटनीति तथा अन्तर्राष्ट्रिय विभागको प्रमुख हुँदा दर्जनौं विद्यार्थीलाई चीनको सिचुवान विश्वविद्यालयमा इन्टर्नसिप गर्न पठाएको कुरा तथा वर्तमान अवस्थामा पनि भाषा विज्ञान केन्द्रीय विभाग, व्यवस्थापन केन्द्रीय विभाग र अन्य त्रिविका निकायहरूले इरास्मस र युरोप, अमेरिका लगायत विभिन्न विदेशी विश्वविद्यालयहरूसँग सहकार्य र समन्वय गरेका कुराहरूलाई पनि स्मरण गर्न सकिन्छ ।

### ४. नियमित विज्ञापन र भरोसायुक्त नियुक्ति

त्रिविमा सबैभन्दा विकराल रूपमा देखिएको समस्या भनेको नियमित विज्ञापन नहुनु पनि हो । यसको मुख्य जड भनेको आंशिक, ज्यालादारी, करार नियुक्ति गर्ने र त्यसपछि राजनीतिक संरक्षणको भरमा त्रिविलाई दोहन गर्ने काम २०४७ को राजनीतिक परिवर्तनपछि झन् बढेर आएको छ जसलाई व्यवस्थापन गर्न सकिएन भने त्रिवि सिध्याउने मुख्य अस्त्र यही हुनसक्छ । सक्षम र काविल जनशक्तिलाई पाखा लगाएर त्रिविको विकास र समृद्धि देख्नु मूर्खता हुन्छ । यो कुरामा वर्तमान नेतृत्वले विचार पुऱ्याउनु आवश्यक छ ।

त्रिविमा राजनीति र हाजिर गरेको भरमा प्राध्यापक हुने परम्परालाई निरुत्साहित गर्नु आवश्यक छ । नत्र कक्षा र अनुसन्धानमा टिक्नै नसक्ने प्रा.डा.हरूको कारणले त्रिवि माथि उठन सक्दैन । सेवा आयोगसित समन्वय गरेर त्रिवि नेतृत्वले विभागीय र विषयगत आवश्यकता अनुसार नियमित विज्ञापन गर्ने परम्पराको थालनी मात्रै गर्न सक्यो भने नेपालमै बसेर पनि केही योगदान गर्न सकिन्छ भन्ने म जस्ता त्रिविका कैयौं निरीह प्राध्यापकहरूलाई ठूलो भरोसा हुनेथियो । यति मात्र होइन विभागीय नियुक्ति, विषयगत नियुक्तिहरूमा पनि सक्षम र समन्वयकारी व्यक्ति ल्याउँदा यसले त्रिविको मात्र होइन नेपालको समग्र शिक्षा क्षेत्रमा ठूलो प्रभाव पर्ने थियो ।

### ५. भौतिक संरचना र व्यवस्थापन

त्रिविको विशाल संरचना र फैलावटभित्र यसको अव्यवस्थित भौतिक संरचना र त्यसको व्यवस्थापन गर्ने कुरा पनि महत्वपूर्ण देखिन्छ । विश्वविद्यालयहरू भनेका ज्ञान र अध्ययनको लागि खुल्ला हुनुपर्छ तर व्यवस्थापन र संरचनामा पनि खुल्ला राख्ने परम्पराले त्रिविलाई धेरै अप्ठ्यारो परेको छ । त्यसैले त्रिविमा नयाँ भौतिक संरचनाको निर्माण मात्र होइन पुराना संरचनाहरूलाई व्यवस्थित र युग सुहाउँदो बनाउनुपर्ने आवश्यक देखिन्छ ।

अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूमा हुने न्यूनतम कुराहरू जस्तै बाटोघाटो, सुरक्षित कम्पाउण्ड, शौचालय, क्यान्टिन, सेमिनार हल तथा पाहुना घरको निर्माण हुनु आवश्यक छ । त्रिवि केन्द्रीय क्याम्पस परिसरमा वर्षभरि देखिने अव्यवस्थित बाटो, बेलगाम कुदेका ट्रक र ट्यांकरहरू, युवायुवतीको क्रीडास्थल बनेको खुल्ला चउर र जंगल हेर्दा वर्तमान त्रिविको वास्तविक अवस्थाको बारेमा बुझ्न सकिन्छ ।

त्यसैले सबैभन्दा पहिला त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस परिसरलाई भौतिक रूपमा व्यवस्थित गर्नुको साथै यसको सुरक्षाको पनि व्यवस्थापन गर्नु आवश्यक छ र नयाँ नेतृत्वले यी कुराहरूमा पनि ध्यान दिनेछ भन्ने आशा गर्न सकिन्छ ।

दार्शनिक क्यारोल सिमले भने झैं हामीले सुधारको नाममा हजारौं विश्वविद्यालय र सयौं प्राध्यापकहरू बनाउन सक्दैनौं तर प्रविधि र इन्टरनेटको प्रयोग गरेर धेरै विश्वविद्यालयमा भएका राम्रा र महत्वपूर्ण विषय र पाठ्यक्रमहरू समावेश गरेर व्यवस्थापन गर्न सक्छौं । त्यसैले ठूला भन्दा सानातिना तर महत्वपूर्ण कुराहरूमा ध्यान दिन सकियो भने दुईचार वर्षमै त्रिविको कायापलट गर्न सकिन्छ ।

त्रिवि उपकुलपति सँगै भर्खर नियुक्त हुनुभएका रेक्टर र रजिष्ट्रारलाई काम गर्ने वातावरण हामी सबैले दिनुपर्छ र उहाँहरूको दक्षता, योग्यता र इमानदारीलाई अन्धभक्त भएर भन्दा पनि सकारात्मक किसिमले विश्लेषण र मूल्याङ्कन गरिरहनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# तपाईं आफूले आफूलाई चिन्न सक्नुभयो ?

✍ प्रेम रावत

सबैभन्दा पहिला एउटा प्रश्न उठ्छ– तपाईं को हुनुहुन्छ ? यदि मानिसको जीवनलाई हेर्ने हो भने तपाईंहरू सबैजना हरेक दिन आफ्नो समस्याबाट छुटकारा पाउने कोशिश गरिरहनुहुन्छ । मानिसमा कुनै समस्या छ भने उसले बिहान उठेपछि त्यसैको चिन्ता गर्छ । भगवान्को चिन्तन त पछाडिको कुरा भयो । सबैभन्दा पहिला, 'के गर्नु छ ? यस्तो गर्नु छ, त्यस्तो गर्नु छ ।' अर्थात्, कसैको घरमा विवाह छ भने सारा तयारी भइरहेको हुन्छ । 'त्यो गर्नुपर्छ । यस्तो गर्नुहुँदैन । यस्तो भएन । त्यस्तो भएन ।' तिनै समस्याहरूको समाधानतर्फ ध्यान मोडिन्छ ।

संसारका ठूला–ठूला मानिसहरू पनि आफ्नो समस्याका बारेमा चिन्ता गर्छन् । आफ्नो छाक टार्ने समस्यामा ग्रसित मानिसले के कुराको चिन्ता गर्छ ? भोक लागेपछि त खानेकुरा कहाँ पाइन्छ भन्ने चिन्ता हुने नै हो । उसको ध्यान पनि आफ्नै समस्यामा केन्द्रित हुन्छ । समस्याले हाम्रो धेरै समयलाई खाइदिन्छ । यो समस्या कहाँबाट आयो ? यो प्रश्नको पनि दुईवटा उत्तर हुन सक्छन् । एउटा कुरा त, 'यी समस्यालाई भगवान्ले नै बनाएका हुन् !' धेरै मानिसले ईश्वर माथि दोष थोपर्छन् । भगवान्ले नै यी समस्या बनाएका हुन् भन्ने तिनको धारणा हुन्छ । तथापि, खुशीको खबरचाहिँ के हो भने जुन समस्याबाट तपाईं टाढा जाने प्रयत्न गरिरहनुभएको छ त्यसलाई भगवान्ले बनाएका होइनन् । त्यो मानिसले नै बनाएको समस्या हो । यो खुशीको खबर हो । यदि यही कुरा भगवान्ले बनाएका हुँदा हुन् त यसलाई बदल्न साँच्चै समस्या हुन्थ्यो । यो मानिसले बनाएको समस्या भएका कारणले त्यो समस्या फेरिन सक्छ ।

मानिसहरूलाई आफ्नो जवानीमा 'म कति वर्षसम्म बाँच्छु होला' भन्ने कुराको वास्तै हुँदैन । तर, ऊ सय वर्षसम्म बाँच्यो भने पनि कति दिन हुन्छ ? त्यही ३६,५०० दिन । धेरै त हुँदैन । जिन्दगीको रेल त दगुरिरहेकै छ । यो निरन्तर चलिरहेको छ र एक न एक दिन यसबाट उत्रिनै पर्छ । तथापि, अहिलेसम्म तपाईंले जिउनुभएको जिन्दगीबाट तपाईंले के सिक्नुभयो ? कुन कुरालाई पहिचान गर्नुभयो ? आफूले आफूलाई चिन्न सक्नुभयो या सक्नुभएन ?

तपाईं को हुनुहुन्छ ? के हुनुहुन्छ तपाईं ? तपाईंले यस कुरालाई पूर्णरूपमा नबुझेसम्म तपाईंको जीवनमा आनन्द आउन सक्दैन । मानिसहरू भन्ने गर्छन्– 'शान्ति के हो ?' मानिसलाई 'शान्ति के हो' भन्ने कुरै थाहा छैन । यसको मुख्य कारण नै उसले 'मेरो समस्या हल भएमा आफूले शान्ति पाउन सक्छु' भन्ने ठान्छ । यदि कुनै आमाको बच्चा कतै हरायो भने उनलाई अवश्य दु:ख लाग्नेछ । यदि उनीसँग 'शान्ति के हो' भनेर सोध्यौं भने उनले के भन्लिन् ? 'मेरो छोरो भेटिएदेखि मलाई शान्ति प्राप्त हुनेथियो ।' कसैले जागिर पाइरहेको हुँदैन । उनीसँग 'शान्ति के हो' भनेर सोधेमा उनले त त्यही कुरा गर्नेछन्– 'मैले जागिर पाएँ भने मलाई शान्ति प्राप्त हुनेछ ।' कहिले सुख, कहिले दु:ख । तपाईंले सुख सम्झिरहनुभएको विषय नै दु:खमा परिणत हुन पुग्छ ।

म तपाईंलाई तपाईंसँगै भेट गराइदिन सक्छु । फलत: तपाईंले 'मलाई जीवन जिउने अवसर प्राप्त भएको छ' भनेर बुझ्न सक्नुहोस् । यो अवसर अन्य कुराका लागि पाइएकै होइन । केवल जिउनका लागि यो मौका पाइएको छ । तर, तपाईं बाँचुन्जेलसम्म के गर्न सक्नुहुन्छ ! यदि तपाईंले आफ्नो जीवनमा शान्तिलाई अपनाउनुभयो, शान्तिको अनुभूति गर्नुभयो भने तपाईंको जीवनमा हरियाली छाउनेछ । यसको अर्थ यो जीवनमा समस्याहरू आउँदैनन् भन्ने होइन । समस्याहरू त आइरहनेछन् तर तपाईंसँग ती समस्याबाट उम्कने बाटो हुनेछ ।

यो संसारमा बुझ्नुपर्ने र जान्नुपर्ने कुराहरू धेरै छन् । तथापि, सबैभन्दा ठूलो कुरा के हो भने जति पनि कुराहरू हामी सुन्छौं अनि बुझ्छौं– तिनलाई हामी व्यवहारमा पनि ल्याउन सक्छौं कि सक्दैनौं ! किनभने, यदि कतै नदी बगिरहेको छ, फल लागिरहेको छ, त्यसलाई उपभोग गर्ने र त्यसको आनन्द लिने मानिस छैन भने यसको अर्थ हो– कतै न कतै त्यस्ता मानिस पनि बसेका होलान् जहाँ नदी नहोला, पानी नहुँदो हो । जहाँ फलफूल पनि नहुन सक्छ । किनभने, हामी आफ्नो जीवनमा यसरी नै हामीलाई आवश्यक पर्ने चीजहरूबाट टाढिन्छौं, चाहनाबाट होइन । जसरी हामीलाई पानीको आवश्यकता पर्छ । हामीलाई हावाको आवश्यकता पर्छ । खाना हाम्रो लागि आवश्यक हुन्छ । हामीलाई सुत्नुपर्ने आवश्यकता रहन्छ । तातोपनको हामीलाई आवश्यकता रहन्छ । धेरै जाडो पनि होइन अनि धेरै गर्मी पनि होइन । तर, के हामी कहिल्यै सोच्छौं– शान्ति पनि हाम्रो आवश्यकता हो । हाम्रो फदय आनन्दले भरियोस्, यो पनि हाम्रै आवश्यकता हो । चाहना होइन, आवश्यकता हो । किनभने, यसको अभावमा पूरै जीवन अधुरो रहन्छ । यस्तो लाग्छ, बाँचिरहेका छौं तर किन बाँचिरहेका छौं, यही कुरा नै थाहा हुँदैन ।

हामीसँग आफूले आफूलाई चिन्ने ज्ञान हुनुपर्छ । जुन चीज हामीभित्र छ, त्यस चीजलाई चिन्ने ज्ञान हुनुपर्छ । यदि त्यस्तो ज्ञान छैन भने त मानिस भौंतारिनेछ । किनभने, उसलाई शान्ति चाहिएको छ । उसलाई आनन्द चाहिएको छ । तर, यी कुराहरूका बारेमा हामी सोचिरहेका हुँदैनौं । किनभने यस कुराका बारेमा हामीलाई बताइएको हुँदैन । हामीलाई के भनिएको हुन्छ भने– नोकरी गर, यो गर, त्यो गर । त्यसपछि मात्रै तिम्रो जीवन आनन्दमय हुनेछ । तथापि, के हामीले कहिल्यै यो सोध्यौं, 'कुनचाहिँ यस्तो व्यक्ति छ, जसको जीवन आनन्दले भरिपूर्ण छ !'

वास्तवमा यो मायाको प्रकृति नै दु:ख दिने खालको हुन्छ । सुख त एउटै चीजमा छ, त्यो चीज तपाईंभित्र विराजमान छ । त्यही चीजमा सुख र आनन्द छ । यस संसारका हरेक वस्तुबाट कुनै न कुनै रूपमा आनन्द पाइएला तर त्यस्तो आनन्द हुँदैन, जुन हामीभित्र स्थित आनन्द हुन्छ । केही क्षणको खुशी अवश्य प्राप्त हुनेछ, जस्तो– तपाईं चलचित्र हेर्नका लागि जानुहुन्छ । तपाईंलाई चलचित्र राम्रो लाग्छ तर केही घण्टाकै लागि मात्र आनन्द प्राप्त हुन्छ । त्यसपछि के गर्छौं– कोही के गर्नेछौं, कोही केही गर्नेछौं । किनभने, मानिस आनन्दलाई खोजिरहन्छ । उसलाई त्यो वास्तविक आनन्द चाहिन्छ अनि उसले त्यसलाई प्राप्त गर्न कहाँ–कहाँ खोज्दैन र ! उसले सोच्छ, 'यदि मैले सारा संसारलाई कुनै तरिकाले आफ्नो नियन्त्रणमा राखेँ भने मलाई शान्ति प्राप्त हुनेछ । म संसारको सबैभन्दा शक्तिशाली मानिस हुनेछु ।' यद्यपि त्यसमा पनि उसलाई आनन्द प्राप्त हुँदैन ।

एउटा कथा छ 'सिकन्दर'को । उनी अत्यन्तै शक्तिशाली राजा थिए । उनी जब हिन्दूस्थानमा आए उनलाई 'देलीबेली' (यात्राजन्य सङ्क्रमणयुक्त एक प्रकारको झाडापखाला) का बारेमा थाहा थिएन । उनी बिरामी भए । त्यसपछि उनले फर्केर जानुपर्ने भयो । उनी फर्किसकेपछि आफ्नो शरीर त्यागे । उनले मृत्युभन्दा पहिला भनेका थिए, 'जब मेरो शरीर पूरा हुनेछ र मलाई गाड्नका लागि लिएर जानेछन् तब मेरो हातलाई बाहिर निकालिदिनू । किनभने म संसारलाई के देखाउन चाहन्छु भने– म खाली हात आएको थिएँ अनि खाली हात नै यो संसार बाट गइरहेको छु । मसँग जे–जे छन्, जति पनि मेरो सम्बन्ध छ, नातागोता छन्, जे जति मैले कमाएँ, मैले जे–जे गरेँ ती चीजलाई म साथमा लिएर जान सक्दिन ।'

यदि हामीले यस संसारमा रहनु छ र जेसुकै गर्नुपरे पनि हामीले आफूभित्र रहेको चीजलाई चिन्नु र पहिचान गर्नु एकदमै आवश्यक छ । किनभने, यो संसारमा रहँदा हामीलाई आनन्दको आवश्यकता पर्दछ । शान्तिको आवश्यकता पर्दछ । जब हामी दु:खी हुन्छौं, हामीभित्र बसेका एकमात्र उनी छन् जसले हामीलाई बचाउन सक्छन् । यदि हामीले कसैको सहारा खोज्यौं भने उनैले हामीलाई सहारा दिन सक्छन् । यो संसारमा हामी जे–जे गर्छौं, त्यो एउटा जालो नै हो । तर, त्यसलाई हामी देख्न सक्दैनौं । जसरी माकुराको जालो हुन्छ तर त्यसलाई हामी देखिरहेका हुँदैनौं । जस्तो– माकुराको जालो हुन्छ त्यसलाई झिँगाले देख्न सक्दैन अनि फस्न पुग्छ । त्यसपछि ऊ जति निस्कने कोशिश गर्छ त्यति नै ऊ अझै त्यसमा फसिरहन्छ ।

संसारको जालो पनि यस्तै जालो हो । समाजले के भनिरहेको छ, समाजका मानिसहरू कसरी रहिरहेका छन्– तिनै कुराहरूमा मानिस अल्झिरहेको छ । परिणामत: वास्तविक चीज उसबाट टाढा रहिरहन्छ । त्यो वास्तविक चीज कहाँ छ ? त्यो हामीभित्र नै छ । तर, अब मानिसले आफैंले आफैंलाई समेत चिन्न सकिरहेको छैन । उसले म यहाँ किन आएको हुँ भन्ने कुरालाई भुलेको छ ।

*(साभार: नेपाल समाचार–पत्र)*

सिनेमाको दर्पणमा राजनीति :

# पालिका प्रमुख : नयाँ चरित्र नायक !

काठमाडौं/सिनेमालाई समाजको दर्पण भन्न थालिएको धेरै वर्षपछि यो सिद्धान्तको विनिर्माण भयो र भनियो- दर्पणले जे छ त्यहीमात्र देखाउँछ तर सिनेमा र कलाले भएको भन्दा बढी देखाउनसक्छ ! जे भएको छैन, जे हुनसक्थ्यो वा जे नहुनुपर्थ्यो त्यो पनि सिनेमाले देखाउन सक्छ । वास्तविक समय र पात्र टिपेर यसले अवास्तविक कथा भन्न सक्छ । वा वास्तविकताको संसारमा कुनै नयाँ पात्र ल्याएर कथालाई नयाँ मोड दिनसक्छ ।

यथार्थको समानान्तर अर्को संसार सृजना गरेर दर्शकलाई त्यो संसारमा पुऱ्याउनसक्नु सिनेमाको विशेष खुबी हो । फिल्ममेकरहरूले यसको धेरै वर्षदेखि प्रयोग गर्दै आइरहेका छन् । क्विन्टन टोरन्टिनोको 'इन्लोरिसय बास्टर्ड'मा हिटलरको हत्या होस् वा कमल हासनको 'हे राम' होस् वा मनोज पण्डितको 'दासढुंगा', सिनेमाले इतिहास र यथार्थलाई अलग आयाममा हेर्ने प्रयास गर्दै आएको छ । एलियनको पृथ्वीमा आक्रमण होस् वा जेम्स क्यामरुनको 'अवतार'मा जस्तो अर्को ग्रहमा मानिसको आक्रमण होस्, सिनेमाले विज्ञान र मिथको मिश्रण गर्ने काम पनि गरेको छ ।

यो लेखमा हामी गत वर्ष बनेका नेपाली फिल्मको दर्पणमा नेपाली राजनीतिको कस्तो छायाँ देखिएको रहेछ भन्ने चर्चा गर्नेछौं । गएको वर्ष २०८० मा प्रदर्शनमा आएका ५१ नेपाली फिल्ममध्ये ८-९ वटाको केन्द्रमा राजनीतिको विषय रहेकाले पनि यस किसिमको चर्चा गर्नु उचित हुने देखिन्छ । आखिर हरेक आउने समय बितेको समयको जगमा अडिएको हुन्छ । यसैले भोलिका बारे अनुमान गर्नलाई हिजोका पाना पल्टाउने चलन रहँदै आएको छ ।

गएको वर्ष राजनीतिक रूपमा 'बहुमतको अस्थिरता' को वर्ष थियो । संघ सरकारका एकै प्रधानमन्त्रीले १४ महिनामा तीनपटक बहुमत सिद्ध गरे पनि गठबन्धन परिवर्तन भइरहेकाले स्थीर सरकार बनेन नै, सातै प्रदेश सरकारमा नयाँ नयाँ कम्पन आइरहे । मधेशका मुख्यमन्त्रीले त चारपटक विश्वासको मत लिनुपऱ्यो । वर्षान्तसँगै प्रकाशित भइरहेका वर्ष समीक्षाहरू हेर्दा नेपाली फिल्म भने यति अस्थीर र चञ्चल रहेन ।

नेपाली फिल्मले बक्स अफिसमा सफलता, विषयमा विविधता र प्रस्तुतिको नवीनताको खोजीलाई कायम राखेको प्रतीत हुन्छ । स्वदेशी बजारका साथै गत वर्ष मीन भामको 'साम्बाला', नवीन सुब्बाको 'गाउँ आएको बाटो' र फिडेल देवकोटाको 'द रेड सुटकेस'ले विश्वका ठूला फिल्म महोत्सवहरूमा नेपाललाई पुऱ्याए । बक्स अफिसबारेका रिपोर्टहरूका अनुसार यस वर्ष तीनवटा फिल्मले घरेलु बजारमा १० करोड रुपैयाँ भन्दा माथिको व्यवसाय गरेछन् ।

सिक्काको अर्को पाटोमा भने करोड लगानीमा बनेर लाख कमाउन मुश्किल पर्ने फिल्महरू पनि छन् । यस्तै, यसवर्ष लिम्बु संस्कृतिमाथि 'जारी', गुरुङ संस्कृति र जीवनमाथि 'दयारानी', तामाङ जनजीवनमाथि 'नीरफूल', मिथिला संस्कृतिमाथि 'एक भागवत एक गीता' जस्ता फिल्मले नेपाली समाजका विविधतापूर्ण संस्कृति र जीवनलाई पनि पर्दामा ल्याउने काम गरे ।

**सिक्वेल, कमेडी र लभस्टोरी**

पछिल्ला वर्षहरूमा नेपालमा कि त हिट फिल्मको सिक्वेल बनायो भने चल्छ कि कमेडी चल्छ भन्ने एकखालको भाष्य प्रचलित छ । के यो साँचो हो त ? गत वर्षको व्यवसायको तथ्यांक हेर्दा सफल भनिएका ६ फिल्म मध्ये ३ वटा फिल्म 'परदेशी २', 'महाजात्रा' र 'पशुपतिप्रसाद २ : भष्मे डन' सिक्वेल रहेछन् भने तीनवटा नयाँ कथामा बनेका फिल्म रहेछन् ।

'नाइ नभन्नु ल ६' र 'प्रसाद २'ले जस्ता सिक्वेलले भने सोचेजस्तो व्यवसाय गर्न नसकेको पनि देखियो । अर्कातिर 'जारी' जस्तो सामाजिक- प्रेमकथाले १७ करोड कमाएर वर्षको सर्वाधिक सफल फिल्म बन्यो ।

रह्यो कुरा कमेडीको यसबारे फिल्म समीक्षक एवं निर्देशक दीपेन्द्र लामाले गएको वर्षबारे लेखिएका समीक्षाहरूमा असन्तुष्टि जनाउँदै फेसबुकमा लेखेको पोष्टलाई हेर्न सकिन्छ । 'नेपालमा कमेडी फिल्ममात्र चल्छ भन्ने अर्को झुटो भाष्य स्थापित हुँदैछ'' उनले लेखेका छन् । उनले गत वर्ष सफल भएकामध्ये 'महाजात्रा' मात्रै विशुद्ध कमेडी फिल्म भएको जिकिर गर्दै नेपालमा सफल भएका विदेशी फिल्महरू 'जवान', 'टाइगर-३', 'एनिमल', 'ओपनहाइमर' पनि कमेडी नभएको उल्लेख गरेका छन् ।











'नाङ्गो गाउँ' निर्देशक लामाको तर्कसँग सहमत हुने प्रशस्त ठाउँ छ । त्यसो भए पछिल्लो समयको नेपाली फिल्मको केन्द्रीय तत्व वा चरित्र के हो त ? कस्ता विषयमा फिल्ममेकरहरू बढी आकर्षित भइरहेका छन् ? के बारेमा उनीहरूले दर्शकसमक्ष आफ्ना विचारहरू सम्प्रेषित गरिरहेका छन् ।

बक्स अफिसमा सफल भएका फिल्म हुन् चाहे असफल भएका फिल्म हुन्- यस बखत बनिरहेका हाम्रा फिल्मको केन्द्रीय स्वर के हो त ? यो समयलाई हाम्रा फिल्महरूले कसरी 'अर्काइभ' गरि रहेका छन् त ? गत वर्षका प्रमुख फिल्महरू उठाएर हेर्ने हो भने हाम्रो समाज र राजनीति कस्तो देखिंदो रहेछ त ? यस बारे छलफल हुनु उचित हुन्छ भन्ने लागेकाले यति चर्चा गर्न थालिएको हो ।

**राजनीति : कथाको नयाँ भावभूमि**

सर्सती हेर्दा हाम्रा फिल्ममेकरहरूलाई पछिल्लो समय राजनीतिका कथाले आकर्षित गरेको देखिन्छ । सबै नीतिहरूको मूल नीति भनिने राजनीतिले नागरिकका जनजीवनलाई प्रभावित पार्ने भएकाले यसतर्फ आकर्षण हुनु स्वभाविक हो । गत वर्ष भने चर्चा पाएका फिल्मको विषयका रूपमा पनि राजनीति झन्डै झन्डै हावी भएछ । यस वर्ष हेरेका फिल्ममा मलाई सबभन्दा आकर्षित गरेको यी फिल्महरूमा प्रकट भएको राजनीति तर्फको 'सचेत वितृष्णा'ले हो । यस्तो किन भनेको भने, यी फिल्महरू राजनीतिको विषय, नेताका चरित्र र उनीहरूको व्यवहारबारे बनेका त थिए तर यिनमा राजनीतिप्रति आकर्षण बढाउने प्रस्तुति थिएन । यिनमा नायक कि त बाध्यताले राजनीतिको चक्रमा प्रवेश गरेको हुन्थ्यो, कि त उसलाई राजनीतिज्ञले प्रयोग गरिरहेका हुन्थे ।

उदाहरणका लागि फिल्म 'नाङ्गो गाउँ' र 'दिमाग खराब'का प्रमुख पात्रलाई लिन सकिन्छ । यी पात्रहरू आफ्नो इच्छाले भन्दा पनि खराब व्यक्तिलाई कार्यकारी पदबाट हटाउनका लागि राजनीतिमा होमिएका 'विवश' पात्रहरू जस्ता देखिन्थे । यिनले केवल आफू र आफ्नो परिवारका लागि नभई, पूरै गाउँसमाजका लागि राजनीतिमा लागेर 'बलिदान' गरेजस्तो देखिन्थ्यो । यी दुवै फिल्ममा प्रमुख पदमा लड्न तम्सिएका पात्रका पत्नी र परिवार त्यसको पक्षमा छैनन् । दुवैका पत्नी आफ्नो पति गलत बाटोमा हिँडेकोमा चिन्ताग्रस्त देखिन्छन् ।

'नाङ्गो गाउँ'को पासाङ (दयाहाङ राई) र 'दिमाग खराब'को इन्द्रप्रसाद शर्मा (खगेन्द्र लामिछाने) दुवै फिल्मको सुरुमा राजनीतिप्रति आकर्षणले भरिएका पात्र होइनन् । पासाङ स्कुल शिक्षक हुन् भने इन्द्रप्रसाद वैदेशिक रोजगारीमा जान ठिक्क परेका युवक । तर, परिस्थितिले यी दुवैलाई राजनीतितिर डोऱ्याउँदै ल्याउँछ । फिल्मको अन्त्यतिर आउँदा यी दुवै क्रमशः गाउँपालिका र नगरपालिका प्रमुखको निर्वाचनमा उम्मेदवार बनिसकेका हुन्छन् ।

प्रायः नेपाली फिल्मले समाज र यथार्थलाई छोडेको आरोप लाग्ने गरे पनि यस वर्ष मैले हेरेका फिल्मले राजनीतिको सेरोफेरोमा कथा बुनेका छन् । त्यसमा पनि अधिकांशको केन्द्रमा पालिका प्रमुख रहेका छन् । 'दिमाग खराब', 'नाङ्गो गाउँ', 'ऐंचो पैंचो' र 'रंगेली'मा प्रमुख द्वन्द्व पालिका प्रमुखका वरपर छ ।

सुदर्शन थापा निर्देशित 'प्रसाद २'मा वडाध्यक्ष निर्वाचन द्वन्द्वको केन्द्रमा छ । 'महाजात्रा'मा एउटा सांसद पात्र (हरिवंश आचार्य) प्रमुख पात्रका रूपमा छन् भने पूर्वको तराईं क्षेत्र मोरङ आसपासको कथा भन्ने 'रंगेली'मा मेयर (अर्पण थापा) र मुख्यमन्त्री (रमेश बुढाथोकी) ले प्रमुख भूमिका पाएका छन् ।

सिमोस सुनुवार निर्देशित फिल्म 'हात्तीछाप'मा पनि एउटा छट्टु नेताले सोझो मान्छेको फाइदा उठाएको कथा भए पनि यो फिल्म नहेरेकाले यसबारे विस्तृतमा चर्चा गर्न सकिएन । अर्को राजनीतिबारेको फिल्म 'काँडेतार' एक दिनमै हलबाट उतारिएकाले हेर्न पाइएन ।

सरसर्ती हेर्दा यस वर्षका फिल्ममा नेपालको तीनै तहका सरकारको प्रतिनिधित्व भएको देखिन्छ । प्रायः फिल्ममा नेताको चरित्रका रूपमा केन्द्रको मन्त्री, सांसद र पार्टीको प्रभावशाली नेता देखिने गरेकोमा यसपालि भने नगर/गाउँ पालिका प्रमुखको चरित्र जबर जस्तरूपमा स्थापित भएको देखिन्छ ।

देश संघीयतामा गएपछि निर्माण भएको नयाँ संरचना प्रदेश सरकारले पनि नेपाली फिल्ममा प्रवेश पाएको देखियो । वास्तविक राजनीतिमा मुख्यमन्त्री पद सधैं धरापमा रहेजस्तो देखिए पनि फिल्ममा भने तिनले शक्तिशाली भूमिका पाएको देखियो ।

**पालिका प्रमुख : नयाँ चरित्र नायकको उदय**

फिल्ममा कथा जति महत्वपूर्ण हुन्छ, त्यसलाई बलियो बनाउनलाई पात्र वा चरित्रको निर्माण उत्तिकै महत्वपूर्ण हुन्छ । जसरी महाभारत युद्धको कथा सोचियो भने त्यसका लागि कृष्ण, अर्जुन र कर्णजस्ता पात्रको आवश्यकता पर्छ, त्यसैगरी आजको राजनीतिमाथि कथा केन्द्रीत गर्न चाहनेलाई नेता तथा मन्त्रीका चरित्र चाहिन्छ ।

गाउँका सामन्त, तस्करीमा संलग्न व्यापारी र भ्रष्ट नेता नेपाली फिल्ममा पहिलेदेखि नै 'फेवरेट' चरित्र रहँदै आएका छन्, जो अक्सर भिलेन हुने गर्छन् । अब यसमा नयाँ पात्र थपिएको छ- मेयर ! मेयर चाहिँ हिरो र भिलेन दुवैले ताक्ने पद बनेको देखियो ।

झन्डै दुई वर्षअघि सम्पन्न स्थानीय तह निर्वाचनमा देशका तीन ठूला नगरमा तीन स्वतन्त्र उम्मेदवारले मेयर पदमा विजय पाएपछि यो पदको ग्ल्यामरले पार्टीको दैलो नाघेर नागरिकसामु पुगेको छ ।

पहिले दलहरूले मेयर वा प्रमुखको उम्मेदवार छान्दथे र दलकै उम्मेदवार निर्वाचित हुन्थे तर दलबिना नै ठूला नगरमा स्वतन्त्रले बाजी मारे पछि यसले महत्वाकांक्षी युवाहरूलाई नयाँ बाटो देखाइदिएको छ । काठमाडौंमा बालेन, धरानमा हर्क साङपाङ र धनगढीमा गोपाल हमालले यो कमाल गरेर देखाएपछि दलहरूप्रति एकखाले वितृष्णाले अजीर्ण भइसकेको फिल्म उद्योगले पनि नयाँ चरित्र नायक प्राप्त गरेजस्तो देखिन्छ ।

स्थानीय गाउँ टोलका ससाना समस्यादेखि विकास निर्माण, कृषि र रोजगारीका क्षेत्रमा समेत जनतासँग मिलेर काम गर्न सक्ने निकाय भएकाले पालिकाको महत्व बढेको छ । यसका साथै जनताले देख्न र भेट्न पनि सक्ने सरकारका रूपमा पनि पालिका शक्तिशाली संरचना बन्न पुगेको छ । सबभन्दा प्रमुख कुराचाहिँ राजनीतिमा लाग्न चाहने युवाका लागि पालिका प्रमुख पद प्राप्त गर्न सकिने आकांक्षा सावित भइरहेको छ ।

गत वर्षका फिल्महरूले सायद यसै कुरालाई आत्मसात गरेर होला एउटा सन्देश दिए- 'देश सुधार्ने हो भने पालिका सुधार्नु पर्छ । यदि पालिका प्रमुख इमान्दार युवा हुने हो भने धेरै समस्या समाधान हुनेछ ! यसका लागि पालिका कब्जा गरेका भ्रष्ट र बेइमानलाई हटाउनु पर्छ' भनेर पनि फिल्महरूले वकालत गरेका छन् । गत वर्षका तीनवटा फिल्ममा पुरानो प्रमुखलाई नयाँ युवाले विस्थापन गर्न गरेको संघर्षको कथा छन् ।

'दिमाग खराब'मा पुरानो बेइमान मेयर हरिप्रसाद बराल (अर्पण थापा) लाई परास्त गर्न इन्द्रप्रसाद शर्मा (खगेन्द्र लामिछाने) र भोला थोकर (दयाहाङ राई) ले प्रयास गर्छन् भने 'नाङ्गो गाउँ'मा पुरानो पालिका प्रमुख जरी लामा (शिशिर वाङ्देल)लाई पासाङ (दयाहाङ)ले चुनौती दिन्छन् ।

'ऐंचोपैंचो'मा पनि भ्रष्ट र इमान्दारका बीच प्रमुखका लागि लडाईं नै कथाको केन्द्रमा छ । 'ऐंचो पैंचो'मा दुई युवाको लडाईं भए पनि एउटा राजनीतिप्रति प्रतिबद्ध 'हिरो' (मुकुन भुसाल) छ भने अर्को बेइमानीको धन्दामा लागिसकेको 'भिलेन' (कोशिस क्षेत्री) छ । यी कुनै पनि फिल्ममा महिला चरित्रले भने प्रमुखको भूमिका पाएको देखिएन ।

पूर्वी नेपाल र विराटनगर आसपासको राजनीतिको कथामा बनेको 'रंगेली'ले कसरी राजनीतिमा गुण्डागर्दी, तस्करी, सीमापार अपराध र प्रहरीको दुरूपयोग भइरहेको छ भन्ने देखाएको छ । यसले प्रहरी फोर्सभित्रकै दुई प्रवृत्तिलाई पनि उजागर गर्ने प्रयास गर्छ ।

यो फिल्म हेर्दा नेपालको तराईं क्षेत्रमा राजनीतिमा हिंसा र अपराधको पकड सबभन्दा मजबुत रहेको देखिन्छ, जसलाई सञ्चालन गर्ने काम मेयर (अर्पण थापा)ले गरि रहेका छन् । मुख्यमन्त्रीदेखि प्रहरी प्रमुखसम्मलाई आर्थिकदेखि हतियारको संरक्षण प्रदान गर्ने, सीमापारीका शक्तिलाई पनि सन्तुलनमा राख्ने काम मेयरले गरेको देखिन्छ ।

यी सबै फिल्महरूले नेपालका राजनीतिक दलहरू कसरी चल्छन्, तिनले जनतालाई कसरी हेर्छन्, निर्वाचनमा केकस्ता शक्तिहरू परिचालित हुन्छन् र दलाल, बिचौलिया र गुण्डाले कसरी मतलाई प्रभावित पार्नेगरी महत्वपूर्ण शक्ति हत्याइसकेका छन् भन्ने चित्र देखाउँछन् ।

कृषा चौलागाईं निर्देशित 'ऐंचोपैंचो'को त शीर्षक नै निर्वाचनमा जनताले भोट दिने र नेताले नोट दिने कुरालाई ऐंचोपैंचोका रूपमा प्रस्तुत गरिएको छ । 'दिमाग खराब'ले लगभग बालेन र स्वतन्त्र पार्टीको झल्को आउने गरी पुराना स्थापित शक्तिलाई केही युवाहरूको जोशले कसरी पराजित गर्न सक्छ भन्ने दर्शाएको छ ।

हाल सुटिङमा रहेका नयाँ फिल्महरूमा पनि मेयर-राजनीतिलाई प्रमुख विषय बनाइएको छ । यसमा पनि दीपेन्द्र के खनालले त फिल्मको शीर्षक नै 'मेयर' राखेर सर्लाहीमा फिल्मको सुटिङ गरिरहेका छन् । सर्लाहीको वाग्मती नगरपालिकाका विवादस्पद मेयरको जीवनमा यो फिल्म आधारित भनिएको छ । गत वर्षको 'छक्कापञ्जा ४' पनि राजनीति र सत्ता समीकरणका विषयमा नै थियो ।

राजनीतिलाई विषय बनाएका भए पनि यी कुनै पनि फिल्मले सरकारले राम्रो काम गरि रहेको वा देशलाई नयाँ दिशातिर लगिरहेको दर्शाउँदैनन् । यसरी हेर्दा लाग्छ, हामी कल्पनाको संसारमा समेत सरकारले भयंकर ठूलो प्रगतिमा देशलाई लगिरहेको सोच्न सकिरहेका छैनौं । हाम्रो वैकल्पिक यथार्थमा केही जोशिला युवाले परिवर्तनको प्रयास त गरिरहेका छन् तर ती पर्याप्त छैनन् ।

यो संसारमा निर्माण भएको रोचक चरित्र भनेको मेयर/प्रमुखकै हो । डनजस्तो लाग्ने 'रंगेली'को मेयर, महत्वाकांक्षी र भ्रष्ट 'दिमाग खराब'को मेयर, शक्तिलोलुप 'नाङ्गो गाउँ'को गाउँपालिका प्रमुख, ठेकेदारी गुण्डागर्दी र तस्करीमा संलग्न 'ऐंचोपैंचो'को मेयर उम्मेदवार एकातिर छन् भने अर्कातिर यी सबैलाई चुनौती दिने असल चरित्र र नियतका युवाहरू छन् ।

यसरी हेर्दा हाम्रो फिल्मले पुराना र खराबलाई असल युवाहरूले विस्थापित गर्ने प्रयास गरिरहेको देखाइरहेका रहेछन् । यो समाजको यथार्थ हो कि केवल कल्पनाको यथार्थ भन्ने कुरा दर्शकले छुट्याउने कुरा भयो ।

प्रमुखभन्दा अलि तल आउँदा 'प्रसाद २' र 'डिग्री माइला'मा वडाध्यक्षको चरित्र देखिन्छ । 'प्रसाद २'मा उपल्लो जातिका शोषक प्रवृत्तिका व्यक्तिको सत्तालाई कथित तल्लो जातिको युवाले चुनौती दिनलाई वडाध्यक्षमा उम्मेदवारी दिएको प्रसंग छ भने 'डिग्री माइला'मा समाजका सबैजसो ठालुहरूको एउटा समूहलाई वडाध्यक्षले गोलबद्ध गरेर यस्तो पर्खाल खडा गरेका छन्, जसलाई सर्वसाधारणले जति प्रयास गर्दा पनि नाघ्न सक्दैनन् ।

'महाजात्रा'मा देखिने नेपालमा पनि राजनीतिज्ञले सर्वसाधारणलाई दुख नै दिइरहेका छन् । उसको भ्रष्टाचारको पैसा बरामद गर्न खोज्ने प्रहरी मारिन्छ भने तीन साधारण युवाहरू उसको षड्यन्त्रको शिकार बन्न पुग्छन् । दलहरूले रातारात गठबन्धन परिवर्तन गरिरहँदा, ठूला नेताहरू ठूलै काण्डमा संलग्न भइरहँदा, कहिले बालुवाटार काण्ड त कहिले सुन तस्करी प्रकरणमा नेताहरू पक्राउ परिरहेका बेला के हाम्रा फिल्मले देखाएको राजनीतिज्ञको चित्र यथार्थको नजिक हो त ?

**र, अर्को सरोकार**

नेपाली फिल्ममेकरहरूले समकालीन समाजका जल्दाबल्दा विषयलाई उठाउने क्रममा यस वर्ष वैदेशिक रोजगारीका कथालाई पनि पर्दामा ल्याएका छन् । यस वर्ष मैले हेरेका फिल्ममा 'दिमाग खराब' र 'द रेड सुटकेस'ले यो विषयलाई भिन्न तरिकाले दर्शाएको पाएँ । 'नीर फूल'मा यसको प्रसंग भए पनि यो भूकम्पले तहसनहस पारेको परिवारको कथा थियो ।

फिडेल देवकोटाको 'द रेड सुटकेस'ले वैदेशिक रोजगारीमा मृत्यु भएका युवाहरूको ठूलो संख्याको कथालाई प्रतीकात्मक रूपमा एउटा रातो सुटकेसका माध्यमबाट भन्ने प्रयास गरेको छ । यसले गलत राजनीति र खराब नेताहरूका कारण युवाहरूले खाडीमा ज्यान गुमाउनु परिरहेको भन्ने भाष्यलाई समेटेको छ । यसले खुशी र सम्वृद्धि खोज्नलाई युवाहरू विदेशिँदा गाउँ समाज कसरी अँध्यारो, चिसो र मैलो हुँदै गइरहेका छ भन्ने पनि दर्शाएको छ ।

निश्चल बस्नेतको 'दिमाग खराब'ले भने वैदेशिक रोजगारीमा जाने गरिब युवाहरूलाई पनि कसरी भ्रष्ट राजनीतिज्ञहरूले ठगिरहेका छन् भने उनीहरू माथि परेको दोहोरो मारलाई देखाएको छ । खालीखुट्टा एयरपोर्ट पुगेको युवाको दृश्यबाट सुरु हुने फिल्मले त्यही युवालाई मेयर उम्मेदवार बनाएर भ्रष्ट राजनीतिज्ञलाई चुनौतीका रूपमा उभ्याएर वैदेशिक रोजगारीको 'समस्या'को समाधान पनि राजनीतिमा सुधार नै हो भनेर भन्छ । 'ऐंचोपैंचो'मा पनि स्थानीय पालिका राजनीतिसँगै वैदेशिक रोजगारीको विषय जोडिएर आउँछ । नेपालमै बसेर केही गरौं भनिरहेको हिरोको साथी यहाँ अवसर नपाएपछि आँसु बगाएर वैदेशिक रोजगारीमा जान बाध्य हुने प्रसंग फिल्ममा छ ।

*(स्रोत: अनलाइनखबर)*

# विश्वकपअघि देखिएको नेपालको कमजोरी

काठमाडौं/एसीसी प्रिमियर कपको तेस्रो स्थानका लागि शनिबार भएको खेलमा नेपाल हङकङसँग पराजित भएको छ । साविकको विजेता नेपाल एसीसी प्रिमियर कपको उपाधि रक्षा गर्दै एसिया कपमा स्थान बनाउने लक्ष्यका साथ ओमान पुगेको थियो ।

पछिल्लो समय अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शन र तयारीले प्रिमियर कप जितेर एसिया कप खेल्ने प्रमुख दाबेदार थियो । तर एसिया कप मात्रै होइन, शनिबार तेस्रो स्थानका लागि हङकङसँग भएको खेलमा ४ विकेटले पराजित भएपछि इमर्जिङ कप समेत गुमाएको छ ।

समूह चरणमा औसत प्रदर्शन गरेको नेपालले सेमिफाइनलमा यूएई र तेस्रो स्थानका लागि हङकङसँग भएको खेलमा आफ्नो स्तर अनुसार खेल्न सकेन ।

समूह चरणमा नेपालले मलेसियालाई ५ विकेट, कतारलाई ३२ रन, हङकङलाई ८ विकेट र साउदी अरेबियालाई ६ विकेटले हराएको थियो ।

सेमिफाइनलमा नेपालको भेट यूएईसँग भयो । पछिल्लो एक वर्षमा भएका अधिकांश भेटमा नेपालले यूएईलाई हराएको थियो । तर शुक्रबार यूएईले ६ विकेटले हराउँदै फेरि एसिया कप खेल्ने नेपालको सपना चकनाचुर पारिदियो ।

त्यसपछि हङकङलाई हराएर नेपालले इमर्जिङ कपमा स्थान बनाउन चाहेको थियो । तर त्यही हङकङसँग नेपाल ४ विकेटले पराजित भयो । दुई निर्णायक खेलमा पहिला ब्याटिङ गरेको नेपालले युएईविरुद्ध ११९ र हङकङविरुद्ध १३९ रन बनायो ।

**समूह चरणमा औसत ब्याटिङ**

समूह चरणको पहिलो खेलमा नेपालले मलेसियाले दिएको १४४ रनको लक्ष्य १९.२ ओभरमा ५ विकेट गुमाउँदै पूरा गरेको थियो । कतारविरुद्ध दीपेन्द्र सिंह ऐरीले अन्तिम ओभरमा ६ छक्का हानेपछि २० ओभरमा ७ विकेट गुमाउँदै २१० रन बनाएको थियो ।

तेस्रो खेलमा हङकङले दिएको ११५ रनको लक्ष्य नेपालले १२.२ ओभरमा पूरा गरेको थियो । वर्षाले प्रभावित चौथो खेलमा ८ ओभरको खेलमा साउदीले दिएको ७५ रनको लक्ष्य ४ बल अगाडि भेट्टाएको थियो ।

नेपालले पछिल्लो एक-डेढ वर्ष जति पनि राम्रो नजिता हात पारेको थियो, त्यसमा ब्याटिङ सबभन्दा बलियो पक्ष थियो । तर प्रिमियर कपमा ब्याटिङ चलेन । यसले विदेशी भूमिमा नेपालको ब्याटिङ कमजोरी कायमै रहेको देखायो, जुन आसन्न टी-२० विश्वकपका लागि समेत चिन्ताको विषय बनेको छ ।

नेपालले आगामी जेठमा अमेरिका र वेस्टइन्डिजमा हुने टी-२० विश्वकप खेल्दैछ । विश्वकप खेल्ने उत्कृष्ट १५ खेलाडी छनोट गर्न मुख्य प्रशिक्षक मोन्टी देशाईले हरेकजसो सिरिजमा आफ्ना खेलाडीहरुको परीक्षण गरेका थिए ।

हङकङ त्रिकोणात्मक सिरिज, नेपाल, नामिबिया र नेदरल्यान्ड्सको त्रिकोणात्मक सिरिज र भारतमा फ्रेन्डसिप कपमा सम्भावना बोकेका खेलाडीहरुलाई उनले अवसर दिए । बलिङ र ब्याटिङ क्रममा पनि तलमाथि गरिरहे । त्यसकै आधारमा प्रिमियर कपमा नेपालले १४ सदस्यीय टोली उतारेको थियो ।

नेपालका ओपनर आसिफ शेख र कुशल भुर्तेलको जोडीले साउदी, युएई र हङकङसँगको खेलमा कुनैपनि रनको साझेदारी गर्न सकेनन् । मलेसियासँग ४७ बलमा ४९ रनको साझेदारी गरेका थिए । कतारविरुद्ध २.५ ओभरमा १८ तथा हङकङविरुद्ध समूह चरणमा ५.३ ओभरमा ७० रनको साझेदारी गरेका थिए ।

ओपनर कुशल भुर्तेल ६ खेलमा क्रमश : २४, १२, ३२, ०, ०, ० थियो । आसिफ ३२, ५२, ४०, २, ८ र ५ थियो ।

सुरुवात राम्रो नहुँदा इनिङ सम्हाल्नुपर्ने मध्यक्रम पनि चल्न सकेन । समग्र प्रतियोगितामा दुई मात्रै अर्धशतक साझेदारी छन् । मलेसियाविरुद्ध ओपनिङ तथा कतारविरुद्ध कुशल मल्ल र आसिफ शेखले तेस्रो विकेटका लागि ५३ रनको साझेदारी गरेका थिए ।

युएईसँगको खेलमा सर्वाधिक ठूलो साझेदारी नै २७ रनको थियो । युएईविरुद्ध सन्दीप जोराले अर्धशतक बनाएपनि त्यो उनको व्यक्तिगत प्रदर्शन थियो । क्रिकेटमा टिमको प्रदर्शन सधैं चाहिन्छ ।




मध्यक्रमका ब्याटर सन्दीप जोराले कुल प्रतियोगितामा ९५ बल खेल्दा ११० रन बनाएका थिए । कप्तान रोहित पौडेलले ११३, कुशल मल्लले ६०, गुल्सन झाले ८२ रन मात्र बनाए ।

तल्लोक्रममा दीपेन्द्रले कतारविरुद्ध २१ बलमा ३ चौका र ७ छक्कासहित ६४ रन बनाउँदै राम्रो अन्त्य गरेका थिए । अन्तिम खेलमा हङकङविरुद्ध पनि ४४ रनको आक्रामक अन्त्य गरेका थिए । तर जित्नैपर्ने युएईविरुद्ध ५ रनमा आउट भएका थिए ।

प्रतियोगितामा सोमपाल कामीले १४ र करण केसीले २० रन बनाए । समग्रमा यस प्रतियोगितामा नेपाली ब्याटर नै चल्न सकेनन् । यूएईविरुद्धको सेमिफाइनलमा जुनैद र ओमैद रहमानको सुरुवाती गतिको स्पेलमा रन जोड्न ठूलो संघर्ष गरेको थियो । एसोसिएट बलरको औसत गति १३०/१३५ किलोमिटर प्रतिघण्टा हुन्छ ।

हङकङका आयुश शुक्ला र साउदीका ईश्ताक अहमदले लेन्थ बलमा शीर्षक्रमका ब्याटरलाई आउट गरेका थिए ।

युएई बाउन्सर बलमा पनि सफल भएको थियो । सर्ट बल समस्या सुधार गर्न नपाउदै लेन्थ बल अर्को समस्याको रुपमा देखियो । कुशल युएई र हङकङसँगको खेलमा गुड लेन्थको एकै किसिमको बलमा आउट भएका थिए ।

तर विश्वकपमा नेपालले दक्षिण अफ्रिकाका जेराल्ड कोट्जी र एनरिच नोर्कियाको १५५ माथिको गतिमा खेल्नुपर्ने हुन्छ । कागिसो र बाडा, नान्द्र बर्गर र लुंगी एनगिडीले नियमित १५० किलोमिटर प्रतिघण्टा गतिमा बलिङ गर्छन् ।

त्यति मात्रै होइन बंगलादेश र श्रीलंकाका बलरको गति पनि त्यति नै राम्रो छ । स्पिनरमा विश्वस्तरीय खेलाडी छन् ।

नेपाल रहेको समूहमा एसोसिएटको शीर्ष टोली नेदरल्यान्ड्स छ । उसले आफ्ना प्रमुख ५ खेलाडीबिनै खेल्दा पनि एक महिनाअघि नेपाललाई घरेलु मैदानमै हराएर त्रिकोणात्मक टी-२० आई सिरिजको उपाधि जितेको थियो ।

'नेपाली टोलीमा निरन्तर १४० गतिका बलर पनि छैनन् । १५० माथिको हुँदाबित्तिकै विपक्षी टप भइहाल्छ । हात र बलिङ मेसिनबाट खेल्नु फरक हुन्छ । हाम्रो लागि विश्वकप एउटा राम्रो अवसर पनि हो । नेपालमा पनि फरक पिचमा अभ्यास गर्नुपर्छ', नेपालका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले विश्वकपको तयारीबारे भने । दक्षिण अफ्रिकाका क्वीन्टन डिक, राइलो रोसोऊ, एडेन माक्रम, हेनरिक क्लासेन र डेविड मिलरजस्ता विश्वस्तरीय ब्याटर विरुद्ध राम्रो गर्न नेपाली टोलीलाई अहिलेको प्रदर्शन पर्याप्त हुँदैन ।

विश्वकपमा राम्रो गर्न कीर्तिपुर बाहिर प्रशिक्षण गर्न ज्ञानेन्द्र सुझाव दिन्छन् । 'बाहिर अभ्यस्त हुन जरुरी छ । फरक पीच कन्डिसनमा खेल्नुपर्छ', उनले भने ।

विश्वकपमा नेपालको लक्ष्य पनि कम्तीमा एउटा टेस्ट टोलीलाई हराउने हुनेछ । तर प्रिमियर कपको प्रदर्शनले विश्वकपमा ठूला टोलीविरुद्ध लज्जास्पद प्रदर्शन त गर्ने होइन भन्ने डर पनि बढाएको छ । किनकी नेपालले पछिल्ला खेलहरुमा युएई, ओमान, स्कटल्यान्ड र नेदरल्यान्ड्ससँगै संघर्ष गरेको छ । युएई र हङकङ विश्वकपमा नभएका टोली हुन् ।

पछिल्लो एक वर्षमा नेपालले हात पारेका सबै सफलता घरेलु मैदानमा छन् । गतवर्ष एसीसी प्रिमियर कपको फाइनलमा नेपालले त्रिवि क्रिकेट मैदानमा नै यूएईलाई ७ विकेटले हराएर एसिया कपमा पहिलो पटक भारत र पाकिस्तानसँग खेलेको थियो ।

आईसीसी टी-२० विश्वकप छनोटमा मूलपानीमा यूएईलाई ८ विकेटले हराएर पुगेको थियो । नेपालले आईसीसी विश्वकप लिग-२ मा घरेलु मैदानमा खेलेका पछिल्लो ८ खेल जित्दै ओडीआई मान्यता जोगाएको थियो ।

नेपालले ओडीआईमा ओमानविरुद्ध बनाएको सर्वाधिक ३१० योगफल, २८६ रनको ठूलो लक्ष्य भेट्टाएको पनि त्रिवि मैदानमै थियो । नेपालबाट ओडीआईमा बनेका ८ मध्ये ७ शतक त्रिवि मैदानमा छ ।

'सबैभन्दा पहिला टीयु बाहिरको खेलहरु नियाल्नुपर्छ । टीयु बाहिर गएपछि हाम्रो स्तरको टोलीसँग कसरी खेलेका थियौं । ब्याटिङ त्यति राम्रो हुँदा पनि युएईविरुद्ध एउटा राम्रो साझेदारी गर्न सकेनौं', ज्ञानेन्द्रले युएईसँग हार पछि भने ।

अघिल्लो महिना हङकङमा त्रिकोणात्मक सिरिजको फाइनलमा पपुवा न्युगिनीले दिएको १७२ रनको लक्ष्य पछ्याउने क्रममा नेपाल ८५ रनमा अल आउट भएको थियो । त्यो सिरिजमा दीपेन्द्र, आसिफ र सोमपाल भने थिएनन् ।

गतवर्ष आईसीसी एकदिवसीय विश्वकप जिम्बाब्वे र एसीसी इमर्जिङ टिम्स एसिया कपमा राम्रो थिएन । देश बाहिर नेपालले आफ्नो ब्राण्डको क्रिकेट नै खेल्न सकेको छैन । त्यसैले नेपाललाई केही समर्थकहरु घरको बाघ बनको स्याल भन्छन् ।

पछिल्लो डेढ वर्षमा नेपालको बलियो पक्ष ब्याटिङ थियो । यस प्रतियोगितामा ब्याटिङ युनिटले राम्रो गर्न सकेन ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरतर्फको सुरुङ निर्माण अन्तिम चरणमा

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/ काठमाडौं-निजगढ द्रुतमार्ग (फास्टट्रयाक) को मकवानपुरतर्फ सुरुङ निर्माणको काम अन्तिम चरणमा पुगेको बताइएको छ । ६ हजार ४१५ मिटरमध्ये १ हजार ५२९ मिटर मात्र सुरुङ खन्न बाँकी रहेको आयोजनाले जनाएको छ ।

समग्र आयोजनाको प्रगति भने सुस्त गतिमा भइरहेको भएपनि सुरुङ निर्माणको कार्यले तीव्रता पाएको छ । मकवानपुरको भीमफेदी गाउँपालिकास्थित महादेवटार, बकैया गाउँपालिकाको लेनडाँडा र धेद्रे सुरुङ खन्ने काम धमाधम भइरहेको आयोजनाले जानकारी दिएको हो । आयोजनाको परिमार्जित विस्तृत परियोजना रिपोर्ट (डीपीआर) अनुसार ६ वटा सुरुङ निर्माण हुनेछन् । लेनडाँडा र धेद्रे सुरुङको 'ब्रेक थ्रु' आगामी जेठभित्र गर्नेगरी रात्रिकालीन समयमा पनि काम भइरहेको आयोजनाका प्रमुख एवम् सहायकरथी विकास पोखरेलले बताएका छन् ।

लेनडाँडा सुरुङको कुल दूरी १ हजार ४३० मिट रहेकोमा अहिलेसम्म १ हजार ३५० मिटर खनिएको छ । अब ८० मिटरमात्र खन्न बाँकी छ । त्यस्तै धेद्रे सुरुङ १ हजार ६३० मिटरमध्ये १ हजार ३९८ मिटर सुरुङ खनिएको छ । अब २ सय ३२ मिटरमात्र खन्न बाँकी छ । महादेवटार सुरुङमा पनि धमाधम काम भइरहेको आयोजनाले जनाएको छ । यो सुरुङको दूरी ३ हजार ३५५ मिटर रहेको छ ।

अहिलेसम्म २ हजार १३८ मिटर खनिएको र १ हजार २१७ मिटर मात्र खन्न बाँकी छ । यी तीनैवटा सुरुङ १ र २ नम्बर प्याकेजमा पर्छन् । दुई महिनाभित्र सुरुङमार्गको 'ब्रेक थ्रु' गर्नेगरी द्रुतगतिमा काम भइरहेको रक्षामन्त्री हरिप्रसाद उप्रेतीले बताएका छन् । पछि थप भएको २ हजार २५० मिटरको चन्द्रामभिर सुरुङ, १ किमिको देवीचौर र ०.३९ किमिको सिसौटार सुरुङको ठेक्का प्रक्रिया सम्पन्न भएर निर्माण प्रक्रियामा गएको आयोजनाले जनाएको छ ।

नेपाली सेनाको निर्माण व्यवस्थापन रहेको फास्टट्रयाकमा ७०.९७७ किमिमध्ये ६४.४७७ किलोमिटरमा ठेक्का व्यवस्थापन भएको छ । खोकना खण्डको जग्गा विवाद भने अझै टुंगिएको छैन । जसले गर्दा यो खण्डको ६.५ किमि क्षेत्रमा ठेक्का व्यवस्थापनको काम हुन सकेको छैन । यो खण्डलाई अन्तिम ११ नम्बर प्याकेजमा राखिएको छ । तोकिएकै समयभित्र आयोजना सम्पन्न गर्नेगरी काम भइरहेको प्रधानसेनापति प्रभुराम शर्माले जानकारी दिएका छन् ।

आयोजनाको म्याद ०८३ चैत मसान्तसम्म छ । यो आयोजनामा ८९ पुलमध्ये ८५ पुलको ठेक्का भएर काम भइरहेको छ । खोकना खण्डमा पर्ने ४ वटा पुलको ठेक्का व्यवस्थापन हुन सकेको छैन । ८९ मध्ये पुलमध्ये प्याकेज नम्बर ३ मा पर्ने ५ वटा पुलको निर्माण सम्पन्न भइसकेको आयोजनाले जनायो । प्रधानसेनापति शर्माले २०७६ असोजमा नेपाल सरकारबाट डीपीआर स्वीकृत भएर आएपछि मात्र आयोजनाको काम सुरु भएको बताए ।

यो आयोजनाको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (हालका पनि प्रधानमन्त्री) ले २०७४ जेठ १४ मा शिलान्यास गरेसँगै निर्माण सुरु भएको हो । अहिलेसम्म यसको भौतिक प्रगति ३३.२० प्रतिशत छ । यो आयोजनाको सुरु लागत अनुमान १ खर्ब ७५ अर्ब रुपैयाँ थियो । संशोधन गरेर अहिले २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ पुऱ्याइएको छ । अहिलेसम्म ६० अर्ब ४४ करोड रुपैयाँ खर्च भइसकेको छ ।

# हेटौंडाको कार्टुन फ्याक्ट्रीमा आगलागी



साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको एक प्याकेजिङ उद्योगमा शुक्रबार राति आगलागी भएको छ । आगलागीबाट करिब एक करोड २५ लाख रुपैयाँ बराबरको सामान जलेको बताइएको छ ।

हेटौंडा उपमहानगरपालिका–८, औद्योगिक क्षेत्रभित्र रहेको हेल्पबक्स प्याकेजिङ प्रालि (कार्टुन फ्याक्ट्री) मा शुक्रबार राति ११ बजे आगलागी भएको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगरप्रहरी र उपमहानगरपालिकाको बारुणयन्त्रको सहयोगमा शनिबार बिहान ५ बजेतिर मात्र आगो निभाउन सकिएको थियो ।

आगलागीवाट उद्योगभित्र रहेको उत्पादित कार्टुन र कच्चापदार्थ सबै जलेर नष्ट भएको उद्योग सञ्चालक सञ्जीव मानन्धरले बताए । करिब १ करोड २५ लाख मूल्य बराबरको सामान जलेर नष्ट भएको उनले बताए । आगलागी भएको बारे अनुसन्धान भइरहेको उनको भनाई छ । आगलागी हुँदा मानवीय क्षति नभएको, फ्याक्ट्री पूर्णरुपमा क्षति भएको, तत्काल के-कति क्षति भएको भन्ने विवरण नखुलेको प्रहरीले जनाएको छ ।

उद्योगमा लागेको आगो जनपथ प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीले नियन्त्रणमा लिएका थिए । हेटौंडा औद्योगिक क्षेत्रमा सय भन्दा बढी औद्योगिक प्रतिष्ठान संचालनमा रहेका छन् तर, बारुणयन्त्र भने छैन । सबै औद्योगिक प्रतिष्ठानको सहकार्यमा बारुणयन्त्र संचालन गर्नुपर्ने बहस भइरहेको छ । औद्योगिक क्षेत्रभित्र बेलाबेलामा भिषण आगलागीका घटना भएका छन् तर, बारुणयन्त्र राख्ने बिषयमा संबेदनशीलता देखिएको छैन ।

# बागमती सरकारले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने

साझाकुरा संवाददाता




हेटौंडा, ८ वैशाख/ बागमती प्रदेश सरकारका वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेलले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।

चितवनको नारायणगढमा सुरु भएको तेस्रो जुत्ता-चप्पल महामेला २०८१ को उद्घाटन गर्दै मन्त्री पोखरेलले स्वदेशमा उत्पादन भएको बस्तुको प्रवर्द्धनमा सरकार तयार रहेको बताएका हुन् । स्वदेशमा उत्पादन भएको वस्तुको बजारिकरण लगायतका समस्याको समाधानमा नीतिगतरुपमै निर्णय गरेर अघि बढ्ने उनको भनाई छ । उनले देशको आर्थिक विकासमा निजीक्षेत्रले खेलेको भूमिकाको सम्मान गर्दै सरकारबाट महशुस गरिएका सरकारी झमेला समाधान गर्न पहल गरिने बताए ।

हाल देखिएको आर्थिक मन्दीको समस्या समाधानमा सबै मिलेर अघि बढ्नुपर्ने उनको भनाई छ । 'स्वदेशी उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने नाराको साथ चितवनको चमेलीबजारमा सुरु भएको तेस्रो चितवन जुत्ता-चप्पल महामेला ३० बैशाखसम्म चल्ने आयोजकले जनाएको छ । मेलामा देशमा उत्पादन भएका विभिन्न ब्राण्डका लेडिज तथा जेन्स जुत्ता चप्पल खरिदमा १५ प्रतिशत देखि ५० प्रतिशतसम्म छुट रहेको र एक हजार पाँच सय रुपैयाँ भन्दा बढीको खरिदमा एकजोर चप्पल नि:शुल्क पाइने आयोजकको भनाई छ ।

नेपाली जुत्ता चप्पलका अध्यक्ष होमनाथ न्यौपानेले स्वदेशी उत्पादनको पहुँच पुऱ्याउन नेपालका प्रमुख सहरमा नेपाली उत्पादनका आउटलेट विस्तार गर्दै लगिएको बताए । 'नेपाली उत्पादन सहर केन्द्रित नभई ग्रामीण भेगलक्षित गर्नु हाम्रो जिम्मेबारी पनि हो । यसलाई सर्वसुलभ बनाउन हामी प्रयत्नरत छौं ।' न्यौपानेले भने ।

कार्यक्रममा भरतपुर महानगरका उपप्रमुख चित्रसेन अधिकारी, नेपाल होटल व्यवसायी महासंघ, उद्योग वाणिज्य संघ चितनका उपाध्यक्ष नारायण प्रधानलगायतले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने जोड दिएका थिए । नारायणगढको चमेली बिगबजारमा भएको मेलामा ७ ओटा स्वदेशी उद्योगबाट उत्पादित तीन हजारभन्दा बढी प्रकारका जुत्ता चप्पल पाइनेछ ।

# मकवानपुरमा टिपर दुर्घटना

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/ मकवानपुरको बकैया गाउँपालिका-११ घट्टेपाखामा टिपर दुर्घटना भएको छ । कान्तिलोकपथ सडकखण्डमा हेटौंडाबाट काठमाडौं जादै गरेको बा.प्र.०१००३ क ८७७४ नम्बरको सिमेन्ट लोड भएको टिपर शुक्रबार दुर्घटना भएको हो ।

टिपर आफैं अनियन्त्रित भएर सडकको भित्तामा ठोक्किएर दुर्घटना हुँदा टिपर चालक बकैया गाउँपालिका-८ बस्ने बर्ष २७ बर्षीय सौरव स्याङतान घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीका अनुसार सौरवको बायाँ हात र दाहिने खुट्टामा चोट लगेको छ । उनको काठमाडौंस्थित पाटन अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# महिलालाई गाँजा र अल्लोको पाटबाट कपडा बनाउने तालिम

साझाकुरा संवाददाता



हेटौंडा, ८ वैशाख/थाहा नगरपालिकाको विकासघरमा हेम्प (गाँजा) र अल्लोको पाटबाट कपडा बनाउने तालिम सुरु भएको छ । बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयअन्तर्गत प्रदेश युवा परिषद्को आर्थिक सहयोगमा घाइते अपाङ्ग योद्धा संघ मकवानपुरको आयोजना तथा थाहा नगरपालिका-३ को सहकार्यमा १ सय ६० घण्टे नि:शुल्क सीपमूलक तालिम सुरु भएको हो ।

२० दिनसम्म संचालन हुने तालिममा अल्लो तथा गाँजाको पाटबाट कपडा र अन्य सामान बनाउन सिकाइने ३ नम्बर वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझीले जानकारी दिए । तालिमको उद्घाटन गर्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले अल्लोको कपडा बनाएर जिल्लाबाहिर बिक्री गर्नुपर्ने धारणा राखे । घलानले तालिममा सहभागीलाई तालिमपछि उद्यमी बन्न अनुरोध गरेका छन् । गाजाबाट औषधिमात्र नभई कागज, तेल, कपडा, डाइपर, झोला, जुत्ता र फेब्रिसहरु र घर बनाउन समेत सकिने उनको भनाइ थियो । नेपाल जस्तो अल्पविकसित राष्ट्रमा गाँजालाई प्रतिबन्ध होइन गाँजाको उपयोग गरेर रोजगारीको सृजना गर्नतिर लाग्नुपर्ने घलानले बताए । घाइते, अपाङ्ग योद्धा संघ मकवानपुरका अध्यक्ष कृष्ण घिमिरेको अध्यक्षतामा भएको तालिम उद्घाटनमा थाहा ३ का वडाअध्यक्ष रायमाझी, नेकपा माओवादी केन्द्र जिल्ला संयोजक भीम पाख्रिन, नगरअध्यक्ष विनोदकुमार लामा, प्रशिक्षक खड्कसिंह बोगटी, मदन ढकाल लगायतले शुभकामना व्यक्त गरेका थिए ।

# विद्यार्थीलाई होमस्टे र ईलेक्ट्रिकल तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ वैशाख/ मकवानपुरको थाहा नगरपालिका-१० टौखेलस्थित नाटेश्वर माध्यमिक विद्यालयका विद्यार्थीले होमस्टे र ईलेक्ट्रिकल तालिममा सहभागिता जनाएका छन् ।

विद्यालयको सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम अन्तर्गत १५ दिने तालिम बैशाख ३ गतेबाट सुरु भएको हो । तालिमको छैटौं दिन शनिबार नगरपालिकाका पर्यटन शाखाप्रमुख सुरजकुमार भुजेलले सहजीकरण गरेका छन् । तालिममा प्रशिक्षकले विद्यार्थीलाई होमस्टे र ईलेक्ट्रिकल विषयमा हरेक दिन तालिम दिइरहेका छन् ।

विद्यालयले विद्यार्थीका लागि ल्याएको यो कार्यक्रमबाट अहिले विद्यार्थीले लाभ उठाइरहेका छन् । कार्यक्रमलाई शिक्षा विकास निर्देशनालय बागमती प्रदेशले सहयोग गरेको छ । तालिम बैशाख १८ गतेसम्म चल्नेछ ।

## अमेरिका भ्रमण सकेर फर्किए अर्थमन्त्री पुन

काठमाडौं/अमेरिकाको वासिङटन डिसीमा आयोजित विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को वसन्तकालीन संयुक्त बैठकमा भाग लिएर अर्थमन्त्री पुन शनिबार स्वदेश फर्किएका छन् ।

मन्त्री पुन विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको बैठकमा सहभागी हुनुका साथै जलवायु परिवर्तनको प्रभावले खतरामा रहेका मुलुकहरूको समूह भी-२० को मन्त्रीस्तरीय बैठक, हाइलेभल क्लाइमेट नेक्ससम्बन्धी साइडलाइन बैठक तथा दक्षिण एसियामा स्वच्छ ऊर्जा संक्रमणसम्बन्धी सत्रका साथै विभिन्न द्विपक्षीय र बहुपक्षीय बैठकहरूमा सहभागी भए ।

पुनले विश्व बैंककी कार्यसञ्चालन प्रबन्ध निर्देशक आना वियर्दे, विश्व बैंकका दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजर, विश्व बैंकका विकास वित्त (डिएफआई) परिचालन हेर्ने उपाध्यक्ष आकिहिको निसिओ, विश्व बैंककै पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङ्झे चेन, अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) का उपाध्यक्ष रिकार्डो पुलिटी र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का सहायक प्रबन्ध निर्देशक बो-लीसँग भेटघाट गरे ।

मन्त्री पुनले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) का उच्च पदाधिकारी, अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डीएफपी) का पदाधिकारी, अमेरिकन चेम्बर अफ कमर्ससहित निजी क्षेत्रका प्रतिनिधि र त्यहाँस्थित गैरआवासीय नेपालीहरुसँग छुट्टाछुट्टै भेटवार्ता गरे । सम्बोधन तथा भेटघाटहरुमा मन्त्री पुनले आगामी १७ र १६ वैशाखमा हुने तेश्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा सहभागी हुन अन्तर्राष्ट्रिय लगानीकर्तालाई आग्रह गरेका उनको सचिवालयले जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

# बलियो राष्ट्रिय शक्ति बन्न ५ लाख सदस्य थप्ने एमालेको लक्ष्य




काठमाडौं/नेकपा एमालेले ५ लाखभन्दा बढी पार्टी सदस्य थप्ने लक्ष्य निर्धारण गरेको छ ।

ललितपुरको गोदाबरीमा शनिबार सुरु भएको राष्ट्रिय प्रतिनिधि परिषद् बैठकमा अध्यक्ष केपी शर्मा ओलीको प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा ०८४ को निर्वाचनमा एमालेलाई बलियो राष्ट्रिय शक्तिका रुपमा स्थापित गर्ने उल्लेख छ ।

त्यसका लागि बलियो पार्टी निर्माण पूर्वशर्त भएको उनले बताएका छन् । 'हाम्रो पार्टी बाहिर पनि राष्ट्रिय शक्तिका पक्षधर छन्, तर तिनीहरु बलिया, प्रभावकारी वा अगुवाई गर्न सक्ने भूमिकामा छैनन्', उनले भनेका छन्, 'बलियो एमालेको नेतृत्वमा मात्र तिनीहरुलाई राष्ट्र निर्माणका काममा गोलबद्ध गर्न सकिन्छ ।'

बलियो पार्टी निर्माणका लागि हरेक जिल्ला र पालिका तहमा कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउनुपर्ने महासचिव शंकर पोखरेलले बताएका छन् । । 'पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रुस्पमा स्थापित गर्नका लागि जिल्ला तथा पालिका तहमा कुल मतदाताको ६ प्रतिशत प्रत्येक वडामा न्यूनमत तीन प्रतिशत पार्टी सदस्यता विस्तारको योजना बनाउनु पर्दैछ' उनले प्रतिवेदनमा भनेका छन् ।

पोखरेलको सांगठनिक प्रतिवेदनअनुसार हाल एमालेमा २ लाख ७७ हजार ४०० संगठित सदस्य छन् । पार्टी सदस्यको संख्या भने ५ लाख ७६ हजार ६० छ ।

कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउन ५ लाख २ हजार ६६८ सदस्य थप्नुपर्ने भन्दै पोखरेलले प्रदेश र जिल्लागत रुपमा लक्ष्य निर्धारण गरेका छन् । फागुन-चैत सदस्यता नवीकरणको महिना भएपनि अधिवेशनका कारण हुन नसकेको भन्दै पोखरेलले भनेका छन्, 'नवीकरणको काम जेठ मसान्तसम्म पूरा गरी केन्द्रीय संगठन विभागमा अभिलेख प्रमाणित गर्नु पर्दछ ।'

(स्रोत: अनलाइनखबर)

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३